संसदमा आएका सुझाव समेटेर बजेट परिमार्जन... पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ •अंक ३१ • २०८० साल असार ५ गते मंगलबार (20 June, Tuesday, 2023) •पृष्ठ ८ •मूल्य रु. ५।-

## समाजवाद स्थापना गर्ने लक्ष्यसहित समाजवादी मोर्चा घोषणा

**टुडे समाचारदाता**

काठमाण्डु । संविधान प्रदत्त समाजवाद स्थापना गर्ने लक्ष्यका साथ विभिन्न चार राजनीतिक दलले सोमबार समाजवादी मोर्चा नेपालको घोषणा गरेका छन् ।




राष्ट्रियसभा गृहमा एक कार्यक्रमको आयोजना गरी नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), जनता समाजवादी पार्टी नेपाल र नेत्रविक्रम चन्द नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीका शीर्ष नेताले अवधारणापत्रमा हस्ताक्षर गर्दै मोर्चा घोषणा गरिएको छ ।

अवधारणापत्रमा प्रधानमन्त्री एवं नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपाल, जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादव र नेकपाका महासचिव नेत्रविक्रम चन्दले हस्ताक्षर गरे ।

नेपाली मौलिकतासहितको समाजवाद स्थापना गर्ने र नेपालको संविधानको रक्षा, कार्यान्वयन र विकास गर्ने, विभेदरहित समाज स्थापना गर्ने लक्ष्यसहित मोर्चा गठन गरिएको जसपाका अध्यक्ष उपेन्द्र यादवले जानकारी दिए ।

संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा र सुदृढीकरण गर्दै नेपाली समाजवादको बाटो तय गर्ने, वर्गीय तथा क्षेत्रीय विभेदको अन्त्य गर्ने, मानव विकास सूचकांकमा पछाडि परेका मधेश, कर्णाली र सुदूरपश्चिम प्रदेशलाई प्रमुख प्राथमिकता राख्ने, जनताको नागरिक तथा आर्थिक अधिकारको संरक्षण, वित्तीय एकाधिकार तथा दलाल पुँजीवादी अर्थव्यवस्थाको विकल्पमा समाजवादी अर्थतन्त्रको आधार तयार पार्ने मोर्चाको उद्देश्य रहेको छ ।

यस्तै, आन्तरिक र बाह्य लगानीमैत्री वातावरण निर्माण गरी देशलाई औद्योगिकीकरण गर्ने, वैदेशिक रोजगारीबाट पुँजी र प्रविधिसहित फर्केका नेपालीलाई देशभित्र रोजगारमूलक व्यवसाय गर्न प्रोत्साहित गर्ने र उत्पादनका क्रियाकलाप वृद्धि गरी रोजगारी प्रदान गर्ने र गरिबी उन्मूलन र रोजगार प्रवर्द्धनको क्षेत्रहरूमा लगानी बढाउन तीनवटै तहको सरकारहरूलाई क्रियाशील बनाउने मोर्चाको उद्देश्य रहेको छ ।

त्यस्तै, मोर्चाले वैज्ञानिक भू उपयोग नीति लागु गर्दै कृषि क्रान्तिको माध्यमबाट कृषिको औद्योगिकीकरण, व्यवसायिकीकरण र आधुनिकीकरण गरी कृषिमा निर्भर श्रमजीवी जनताको जीवनस्तर सुधार, समृद्ध र समुन्नत बनाउने, ऊर्जा, जलस्रोत, वन, उद्योग, वाणिज्य, पर्यटन, सूचना (प्रविधि, भौतिक पूर्वाधार, यातायातलगायत क्षेत्रलाई आर्थिक समृद्धिको संवाहकका रूपमा विकास गर्ने योजना तय गरेको छ ।

शिक्षा, स्वास्थ्यजस्ता सामाजिक क्षेत्रहरूको रूपान्तरणका लागि राज्यले प्राथमिकता दिने उद्देश्य राखेको मोर्चाले सबैका लागि गुणस्तरीय शिक्षा, स्वास्थ्य सेवा, रोजगार, सामाजिक सुरक्षा र आवासमा पहुँचको प्रत्याभूति गराउने एवं शिक्षालाई जनताको पहुँचभित्र राख्न सामुदायिक शिक्षा प्रभावकारी बनाउँदै प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउने भएको छ ।

जलवायु परिवर्तन, वातावरणीय प्रदूषण र प्राकृतिक विपत्का कारण उत्पन्न नकारात्मक असरलाई नियन्त्रण गर्ने, जैविक विविधता र पर्यावरणको संरक्षण गर्ने मोर्चाको योजना छ ।

त्यस्तै, गुणस्तरीय सेवा प्रवाहका लागि सार्वजनिक प्रशासन चुस्त दुरुस्त बनाउने, अनुगमन र मूल्याङ्कनको परिपाटी स्थापित गर्ने, योजना तर्जुमा गर्ने, शासकीय सुधार गर्ने तथा देशमा देखापरेको अनियमितता, प्रशासनिक ढिलासुस्ती, भ्रष्टाचार, कमिसनतन्त्रजस्ता अपराध र विकृतिलाई नियन्त्रण गरी जनतालाई सदाचार र सुशासनको प्रत्याभूति गराउने भएको छ ।

संघीयताको प्रभावकारी कार्यान्वयनका लागि संघ, प्रदेश र स्थानीयतहका सरकारहरू बीचको क्षेत्राधिकारलाई स्पष्ट पार्ने, देशको राजस्व तथा स्रोत साधनहरू सन्तुलित र न्यायोचित रूपमा बाँडफाँट गर्ने र राज्यका तर्फबाट प्रदान गरिने सेवासुविधाहरू जनतामा पुऱ्याउन प्रदेश तथा स्थानीय तहलाई सक्षम बनाउँदै सङ्घीय समाजवादी प्रणालीलाई समृद्ध गर्ने भएको छ ।

देशको स्वाधीनता, सार्वभौमसत्ता र राष्ट्रिय हितको रक्षा गर्न एवं जनताको समृद्धिका लागि संयुक्त राष्ट्रसङ्घको बडापत्र र पञ्चशीलको सिद्धान्तलाई आधार मानी स्वतन्त्र, असंलग्न र सन्तुलित परराष्ट्र नीति अवलम्बन गर्नेछ ।

विगतका विभिन्न कालखण्डमा भएका आन्दोलनहरूका कारण विभिन्न दलका नेता र कार्यकर्ताहरूमाथि लगाइएका मुद्दाहरूको खारेजी र राजबन्दी रिहाइका लागि आवश्यक कानुनी र राजनीतिक पहल गर्ने र विभिन्न राजनीतिक दलहरूसँग भएका सहमति र सम्झौताहरू कार्यान्वयन गर्ने भएको छ ।

समाजको विविधतायुक्त चरित्रअनुरूप राष्ट्रिय, लोकतान्त्रिक र वैज्ञानिक संस्कृति प्रवर्द्धन गर्ने, जाति, भाषा, धर्म तथा संस्कृतिको क्षेत्रमा रहेका सम्पूर्ण भेदभावहरूको अन्त्य गरी राष्ट्रिय एकता प्रवर्द्धन गर्ने, प्रगतिशील कला, साहित्य र संस्कृतिको विकासलाई प्रोत्साहित गर्नेछन् ।

त्यसैगरी, समाजमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, लिङ्गीय सबै प्रकारका शोषण, उत्पीडन र विभेदहरूको अन्त्य गरी समता, स्वतन्त्रता एवं न्यायमा आधारित सामाजिक व्यवस्था निर्माण गर्ने तथा श्रम संस्कृतिलाई प्रोत्साहित गर्ने एवं श्रमजीवी जनताको पहलकदमीमा आर्थिक समृद्धिको माध्यमबाट आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरण गर्ने लक्ष्य राखेको छ । मोर्चाको नेतृत्व आलोपालो गर्ने सहमति भएको छ ।

यस्तै, दैनिक कार्यसञ्चालनका लागि एउटा सचिवालय गठन गर्नेछ । मोर्चालाई स्थानीयस्तरसम्म विस्तार गरिनेछ । कार्यक्रममा मोर्चामा आबद्ध दलका शीर्ष नेताले हातेमालो गर्दै प्रसन्नता व्यक्त गरे ।

## महन्त जेलमा परेपछि सहयोगीहरु टाप

**टुडे समाचारदाता**

जनकपुरधाम । सरकारी कागजात र छाप किर्ते गरेको अभियोगमा पुर्पक्षका लागि थुनामा राखिने जिल्ला अदालत रुपन्देहीको आदेशबाट जगरनाथ दास वैष्णव थुनामा गएसँगै सहयोगीहरु टाप कसेका छन् ।



गत सालको पुस २९ गते पुर्पक्षका लागि थुनामा राख्न जिल्ला अदालत रुपन्देहीले आदेश दिएको थियो । तर जिल्ला अदालतले दिएको आदेश विपरीत दासलाई प्रहरीले झण्डै डेढ महिना रुपन्देहीको सुविधा सम्पन्न सिद्धार्थ सिटी अस्पताल भैरहवामा राखेका थिए ।

थुनामा राख्ने आदेश हुँदा अदालत परिसरमा नै रहेका जगरनाथ दासलाई प्रहरीले उपचारका लागि भन्दै भैरहवास्थित सिद्धार्थ सिटी अस्पतालमा पुऱ्याएको थियो । उनको स्वास्थ्य परीक्षण सरकारी अस्पतालमा गराइएन् ।कारागारमा नलगी सोझै निजी अस्पतालमा दासलाई राखिएको थियो ।

उच्च अदालत बुटवलको इजलासले दासको अवस्थाबारे जानकारीका लागि पत्राचार गर्दा कारागार कार्यालयले जगरनाथ दास नामको व्यक्ति कारागारमा दाखिला नभएको माघ १२ गतेको पत्रद्वारा जानकारी गराएको थियो ।

सरकारी नियम कानुन अनुसार पक्राउ परेका व्यक्तिको स्वास्थ्य परीक्षण सरकारी अस्पतालमा गराइन्छ । बिरामी देखिए त्यहीं उनको उपचारको प्रवन्ध मिलाइन्छ । तर रुपन्देही प्रहरीले महन्तलाई सरकारी अस्पतालमा उपचारका लागि लगिएको देखिदैन् ।

जिल्ला अदालत रुपन्देहीले महन्त दासका प्रमुख शिष्य श्रवण यादवलाई वैशाख ५ गते ३५ दिने पक्राउ पुर्जी जारी गरेको छ । सो ही मुद्दामा जनकपुरधाम उपमहानगरपालिका -१४ मुजेलियाका गंगाप्रसाद साहका छोरा उपेन्द्र कुमार साहलाई पनि पक्राउ पुर्जी जारी गरेको छ ।

महन्त दासले रुपन्देही स्थित मठको जग्गा बिक्री गरी बैंकमा रकम राखेको खाता जिल्ला प्रशासन कार्यालय रुपन्देहीले रोक्का गरेको थियो । तर जगरनाथ दास वैष्णवले सहायक प्रमुख जिल्ला अधिकारीको हस्ताक्षर र जिल्ला प्रशासन कार्यालय रुपन्देहीको छाप, लेटरप्याडसमेत किर्ते गरी बैंकबाट सो रुपैयाँ यादव र साहको खातामा ट्रान्सफर गरेका थिए ।

जिल्ला प्रशासन कार्यालयले किर्ते जालसाजी सम्बन्धी मुद्दा दायर गरेपछि जिल्ला प्रहरी कार्यालय महोत्तरीले दासलाई मटिहानी स्थानबाट नै पक्राउ गरी रुपन्देही पठाइएको थियो । तर दासलाई निकै समय अस्पतालमा नै राखिएपछि उच्च अदालतले चासो लिएको थियो । प्रहरी अनुसन्धानको क्रममा पनि उनलाई अस्पतालको सुविधा उपलब्ध गराइएको थियो । अदालतले थुनामा राख्न आदेश दिएपछि जगरनाथ दास कारागार चलान भएका छन् ।

जगरनाथ दासले गुठी संस्थानको सयौं बिघा जमिन अवैध रुपमा बेचबिखन गरेको आरोप छ । मटिहानी स्थानका जनकपुरधाम लगायत विभिन्न शहरहरुमा रहेका महत्वपूर्ण जग्गा बिक्री गरिसकेका छन् । उनको जग्गा बेचबिखनका मतियारहरु भने अहिले उनको साथ छाडेका छन् ।

## नागरिकताबाट बञ्चित गर्न पाइदैन'

**टुडे समाचारदाता**

जनकपुरधाम । राष्ट्रिय मानव अधिकार आयोगले नागरिकता प्राप्तिको अधिकारबाट बञ्चित नगर्न बताएका छन् ।

सोमबार आयोगका प्रवक्ता डा. टिकाराम पोखरेलले प्रेस विज्ञप्ति जारी गरी सो कुरा बताएका छन् ।

आयोगले व्यक्तिको सम्मानपूर्वक बाँच्न पाउने अधिकार र पहिचानको विषयमा संवेदनशील रुपमा लिइ नागरिकता प्राप्त गर्ने अधिकार सुनिश्चित गर्न सरोकारवाला निकायलाई ध्यानाकर्षण गराएको छ ।

कानुनी प्रावधान हुँदा पनि नागरिकता प्राप्तिका लागि धर्ना, आन्दोलन एवं आतमदाहको प्रयास हुनु लोकतान्त्रिक देशको लागि संकटपूर्ण स्थिति रहेको ज्ञापनपत्रमा उल्लेख छ ।

मानव अधिकारको घोषणापत्र १९४८ को धारा १५ मा प्रत्येक व्यक्तिलाई राष्ट्रियताको हक रहेको छ । नेपालको संविधानको धारा १० मा कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्तिको हकबाट बञ्चित नगरिने व्यवस्था विरुद्ध नागरिकता नदिनु दुःखद रहेको विज्ञप्तिमा उल्लेख गरिएको छ ।

सर्वोच्चले नागरिकता प्राप्तको बाटो तत्काल रोक्न दिएको आदेशले शिक्षा, रोजगारी र व्यवसायी गर्न नपाउने भएकाले सम्मानपूर्वक बाँच्न पाउने अधिकारमा समेत असर परेको छ । गत जेठ २२ गते आयोगले नागरिकता पीडित युवाहरुले गरिरहेको आन्दोलनको स्थलगत अनुगमन गरेको थियो ।







# आदिवासी जनजाति सूचीकृतमा आलटाल

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको हँसपुर नगरपालिकामा आदिवासी जनजाति सूचीकृतमा आलटाल गरेको पाइएको छ ।

नगर प्रमुख प्रदीप कुमार यादवले सो आलटाल गर्ने गरेको आरोप लागेको छ । आदिवासी जनजाति सूचीकृत भएको पत्र कार्यान्वयनको लागि सम्बन्धित निकायमा पठाउन माग गरिएको छ।

सो माग गर्दै आदिवासी जनजाति महासंघले सोमबार नगर प्रमुख यादवलाई ज्ञापनपत्र बुझाएको छ।

यसअघिकै जनप्रतिनिधिले पालिकाभित्रको आदिवासी जनजाति सूचीकृत गरिसकेका छन् । तर वर्तमान नगर प्रमुख यादवले सो सूचीकृत सम्बन्धित निकायमा कार्यान्वयनको लागि पठाउन वेवास्ता गरेको ज्ञापनपत्रमा उल्लेख गरिएको छ। तीन दिनभित्र उक्त सिफारिस नपठाए आदिवासी जनजाति महासंघ कडा संघर्षका कार्यक्रमहरु सार्वजनिक गर्नेछन् । सो कार्यबाट हुने क्षतिको जवाफदेहिता नगरपालिकाको हुने ज्ञापनपत्र मार्फत चेतावनी दिइएको छ ।



प्रधानमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालयले उक्त सिफारिस कार्यान्वयनको लागि ०७५ चैत १४ गते संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र राष्ट्रिय मानव अधिकार आयोगलाई जानकारी गराउन निर्देशन दिएको थियो । सोही जानकारी पालिकाले नगराएको हुनाले आदिवासी जनजातिहरु अधिकारसहित विभिन्न सेवाबाट बञ्चित छन् ।

पालिकाले आदिवासी जनजाति सूचीकरण कार्यविधि ०७८ समेत पारित गरिसकेका छन् ।

सो कार्यविधिले तयार पारेको प्रतिवेदन अनुमोदन गरी ०७८ चैत २४ गते पालिकाको राजपत्रमासमेत प्रकाशित भइसकेको जनाइएको छ ।

## दस्तावेजलाई अन्तिम रुप दिन रास्वपाको १७ सदस्यीय कार्यदल गठन

काठमाण्डु । राष्ट्रिय स्वतन्त्र पार्टी, (रास्वपा) ले पार्टीको नीति, विचार र सिद्धान्तसम्बन्धी दस्तावेजलाई अन्तिम रुप दिन आज १७ सदस्यीय कार्यदल गठन गरेको छ ।

पार्टीका महामन्त्री डा मुकुल ढकालको नेतृत्वमा उक्त कार्यदल बनाइएको सहमहामन्त्री कविन्द्र बुर्लाकोटीले जानकारी दिनुभयो । उहाँका अनुसार आन्तरिक छलफलका लागि तयार पारेको दस्तावेजलाई अझै स्पष्ट बनाउन पदाधिकारीसहितको कार्यदल बनाइएको हो ।

उक्त कार्यदलमा पदाधिकारीबाट महामन्त्री डा ढकाल र सहमहामन्त्री बुर्लाकोटी रहनुभएको सो पार्टीले जनाएको छ । अन्य सदस्यबारे निर्णय हुन बाँकी रहेको बुर्लाकोटीले जनाइएको छ । उक्त दस्तावेजमाथि पटकपटक छलफल गरेर भदौको मध्यसम्म अन्तिम रुप दिने तयारी रहेका सो पार्टीले जनाएको छ । रासस

# घरघरमा खानेपानी

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको हरिवन नगरपालिका-१ कोठी खोलामा खानेपानी पुगेपछि स्थानीय खुसी भएका छन् ।

युएनडिपी र जापान सरकारको सहयोगमा हरिवन नगरपालिका र डिभिजन खानेपानी कार्यालय मलङ्गवाले चुरेभेगस्थित कोठी खोलाका ५७ घरधुरीमा पम्पिङ प्रणालीमार्फत खानेपानी पुर्‍याएको छ ।



डाँडापाखामा घर भएका स्थानीय वर्षौंदेखि बस्ती भन्दा करीब सात मिटर तल कोठी खोलामा रहेको कुवाबाट पानी ओसारेर पिउन बाध्य थिए । कोठी खोला नजिकै इनार निर्माण गरी मोटरमार्फत् सात सय मिटरमाथि डाँडामा ट्याङ्की बनाएर ५७ परिवारका लागि खानेपानी वितरण गर्न सुरु गरिएको हरिवन नगरपालिका-१ का वडाध्यक्ष टमबहादुर घिसिङले जानकारी दिए ।

इनारबाट मोटर लगाएर तानिएको पानी जम्मा गर्न बस्ती नजिकै दुई हजार लिटर क्षमताको 'रिजर्भ' ट्याङ्की निर्माण गरिएको छ । इनारमा जडान गरिएको मोटर सञ्चालनका लागि वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रले सोलारको व्यवस्था गरिदिएको वडाध्यक्ष घिसिङले बताए । खानेपानी परियोजनाको सोमबार औपचारिक उद्घाटन गर्न कोठी खोला पुगेका दातृ निकायका प्रतिनिधि, नगरका जनप्रतिनिधिलगायतलाई स्थानीयले फूलमालाले भव्य स्वागत गरेका छन् ।

कोठी खोलाका स्थानीय रामबहादुर बोम्जनले घण्टौ धाएर वर्षौंदेखि कुवाको दुषित पानी ओसारेर पिउन बाध्य आफूहरु घरघरमै खानेपानी आएपछि अत्यन्तै खुसी भएको बताए ।

उनका अनुसार यसअघि मानिससँगै वस्तुभाउलाई खुवाउन र सरसफाई गर्न पनि समस्या हुँदै आएको थियो । हरिवनका नगरप्रमुख रमेश बुढाथोकी (कमल) ले घरघरमै धारा पुगेपछि दातृ निकायका प्रतिनिधिलाई बोलाएर सोमबार बिहान औपचारिक कार्यक्रम गरी कोठी खोला खानेपानी परियोजनाको उद्घाटन गरिएको बताए ।

हरिवन १ मा अहिलेसम्म केराबारी र कोठी खोलामा लिफ्टिङ गरेर खानेपानी पुर्‍याए पनि सोही वडाको बिलन्दी, बेलडाँडा, काउसे खोला वनमारा र डुम्रीघारीमा अझै खानेपानी पुगेको छैन । त्यसैले स्थानीय खोला, खोल्सी र कुवाको दुषित पानी पिउन बाध्य छन् ।

# एनसेलले ल्यायो तीन किसिमका अनलिमिटेड भ्वाइस प्याक

**टुडे समाचारदाता**

काठमाण्डु । एनसेलका सबै ग्राहकले अब नेपालका कुनैपनि मोबाइल नम्बरमा कल गर्न मिल्ने अनलिमिटेड अल-नेटवर्क र एनसेलकै नम्बरहरूमा कल गर्न मिल्ने अनलिमिटेड टकटाइमका प्याकहरूबाट फाइदा लिन सक्छन्।

एनसेल आजियाटाले ग्राहकहको सञ्चार सेवाको आवश्यकतालाई ध्यानमा राख्दै अझै सुलभ दरमा सेवा लिन सकिने गरी तीन अनलिमिटेड भ्वाइस प्याकहरू सञ्चालनमा ल्याएको जनाएको छ।

प्रिपेड र पोष्टपेड दुवै सेवाका ग्राहकले प्रयोग गर्न सक्ने यी अनलिमिटेड टकटाइम रहेका प्याकहरू जेठ ३२ गतेबाट सञ्चालनमा आएका कम्पनीले बताएको छ।

आफ्नो भ्वाइस सेवाको आवश्यकता अनुसार ग्राहकले १ दिने अल-नेट अनलिमिटेड भ्वाइस प्याक, १ दिने अन-नेट अनलिमिटेड भ्वाइस प्याक वा ७ दिने समयासिमा रहेको अन-नेट अनलिमिटेड भ्वाइस प्याक लिन सक्छन्।

१ दिने अल-नेट अनलिमिटेड प्याक अन्तर्गत ग्राहकले कर सहित २५ रुपैयाँमा बिहान ५ बजे देखि साँझ ५ बजेसम्म नेपालका देशका कुनैपनि मोबाइल नेटवर्कका नम्बरहरूमा अनलिमिटेड भ्वाइस सेवाको फाइदा लिन सक्छन्।

ग्राहकहरूले ८१७११८८ १८५३ डायल गरी यो प्याक लिन सक्छन्।

त्यसैगरी, ८१७११८८३८४३ डायल गरी एनसेलका अन्य नम्बरहरूमा २४ घन्टासम्म अनलिमिटेड कल गर्न सकिने १ दिने अन-नेट अनलिमिटेड टकटाइम कर सहित ३० रुपैयाँमा सुरू गर्न सक्छन्।

एनसेलका अन्य नम्बरहरूमा कुराकानी गर्नका लागि धेरै टकटाइम आवश्यक भएका ग्राहकहरूले ७ दिन समयावधि रहेको अन-नेट अनलिमिटेड प्याक लिन सक्छन्। यो प्याकको कर सहित १५० रुपैयाँ पर्ने कम्पनीले बताएको छ। यो प्याक ग्राहकले ८१७११८८४८३३ डायल गरी लिन सक्छन्।

ग्राहकहरूलाई सुलभ दरमा सेवा प्रदान गर्ने कम्पनीको प्रतिवद्धता अनुसार यी अनलिमिटेड भ्वाइस प्याकहरू ल्याइएको एनसेलले जनाएको छ। अल-नेट होस् वा अन-नेट जुन सुकै नेटवर्कमा सहजै सम्पर्कमा रहिरहन यी प्याकहरूले ठूलो महत्व राख्ने विश्वास एनसेलले राखेको छ।

# तीन दिने वृहत स्वास्थ्य शिविर

**टुडे समाचारदाता**

राजविराज । सप्तरी क्षेत्र नम्बर -३ का नागरिकका निम्ति तीन दिने वृहत स्वास्थ्य शिविर सञ्चालन गरिएको छ ।

शम्भुनाथ नगरपालिकाको संयोजनमा सोमबार शम्भुनाथ नगरपालिका- १ गोविन्दचोकमा सञ्चालन गरिएको स्वास्थ्य शिविरमा पन्ध्रसय बढी स्थानीय नागरिक लाभान्वित भएको आयोजकको दाबी छ।



शिविरमा विभिन्न प्रकारका स्वास्थ्य जाँच सेवा प्रदान गरिएको नोबेल अस्पतालका इन्चार्ज नबिन रिजालले जानकारी दिए ।

सो क्षत्रका सांसद दिनेश यादवले गत मंसिरमा आफू संसदीय चुनावमा उम्मेदवार भइरहँदा यस क्षेत्रका नागरिकको स्वास्थ्य शिक्षा बाटोघाटो र रोजगारलाई प्राथमिकतामा राखेर आगामी पाँच वर्षसम्म काम गर्ने प्रतिबद्धता गरेअनुसार विराटनगरको नोबेल अस्पतालसँग सहकार्यमा शिविर संचालन गरिएको उनले बताए ।

वृहत शिविर हुने सप्तरीको शम्भुनाथ, राजगढ र विष्णुपुर गाउँपालिकामा तीन दिने वृहत स्वास्थ्य शिविरको सोमबारदेखि आयोजना भएको प्रतिनिधिसभा सदस्य यादवले बताए । शम्भुनाथ - १ मा सञ्चालित स्वास्थ्य शिविरमा अल्ट्रा साउण्ड सेवासहित स्त्रीरोग विशेषज्ञ, हाड जोर्नी, बालरोग विशेषज्ञ गरी विभिन्न १२ वटा विभागका मेडिकल विशेषज्ञको टोलीद्वारा नागरिकलाई सहज, सुलभ स्वास्थ्य सेवा प्रदान गरिएको नोबेल अस्पतालले जनाएको छ ।

# आदिपुरुष चलचित्रको प्रदर्शन नेपालभर रोकियो

काठमाण्डु । भारतीय चलचित्र आदिपुरुषको प्रदर्शन नेपालभर रोकिएको छ । काठमाडौं महानगरपालिका प्रमुख बालेन्द्र शाहले 'जानकी भारतकी छोरी हुन्' भन्ने आशयको संवाद मूल संस्करणबाट नहटाएसम्म महानगरभित्र कुनै पनि भारतीय चलचित्र प्रदर्शनमा रोक लगाएपछि देशभर चलचित्रको प्रदर्शन रोकिएको हो ।

उक्त चलचित्रको नेपाल वितरण कम्पनी ब्याङ्कटेस फिल्म्सले एक विज्ञाप्ति जारी गर्दै प्रदर्शन नगर्ने जानकारी गराएको छ। कम्पनीका निर्देशक मनोज राठीले सिर्जित अवस्थाका कारण प्रदर्शन रोकिएको जानकारी दिनुभयो ।

"काठमाण्डुमा चलचित्र प्रदर्शन रोकिएपछि सिर्जित अवस्थाका कारण हामीले देशभर प्रदर्शन रोक्ने निर्णय लिएका हौं", वितरक राठीले भन्नुभयो ।

यस्तै, वितरक तथा प्रदर्शकको छाता संस्था नेपाल चलचित्र सङ्घले सम्पूर्ण भारतीय चलचित्रमा रोक लगाएको विषयमा असन्तुष्टी व्यक्त गरेको छ । सङ्घका उपाध्यक्ष गोपालकाजी कायस्थले कानुनी प्रक्रियामार्फत उपचार खोज्ने जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "यसरी सम्पूर्ण भारतीय चलचित्रको प्रदर्शनमा रोक लगाउनु उचित समाधान होइन । हामी यसविरुद्ध कानुनी प्रक्रियामा जान्छौं र निकास खोज्छौं ।"

काठमाडौं महानगर पश्चात चलचित्र आदिपुरुषलाई पोखरा, धराण, वीरगञ्जलगायतका सहरमासमेत स्थानीय निकायका प्रमुखले प्रदर्शन नगर्न निर्देशन दिइसकेका थिए । रासस

# विद्युतीय मुद्रा जारी गर्ने राष्ट्र बैंकको तयारी

काठमाण्डु । नेपाल राष्ट्र बैंकले विद्युतीय मुद्रा (डिजिटल करेन्सी) जारी गर्ने तयारी गरेको छ ।

केन्द्रीय बैंकका कार्यकारी निर्देशक गुरुप्रसाद पौडेलले हालसम्म विश्वका ११ मुलुकले विद्युतीय मुद्रा जारी गरिसकेकाले नेपालले पनि त्यसबारे अध्ययन र तयारी गरेको बताउनुभयो ।

वित्तीय तथा विद्युतीय साक्षरताबारे माछापुछ्रे बैंक र निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन (प्याब्सन), नेपालबीचको सहमतिपत्रमा हस्ताक्षर कार्यक्रममा कार्यकारी निर्देशक पौडेलले विद्युतीय साक्षरताबारे पुराना पाठ्यक्रम पढाएर भन्दा पनि आधुनिकताको विकाससँगै हरेक दिनका नवीन आयामलाई शिक्षक र विद्यार्थीले आत्मसात् गर्नु पाउनुपर्नेमा जोड दिनुभयो ।

उहाँका अनुसार हाल प्रतिमहिना औसतमा रु ४० अर्बको विद्युतीय कारोबार हुने गरेको छ ।

> **प्याब्सनका अध्यक्ष डिके ढुङ्गानाले आर्थिक कारोबार र विद्युतीय मुद्रामा तल्लो तहसम्म सचेतना प्रवाह नभएसम्म मुलुक समृद्ध हुन नसक्ने बताउनुभयो ।**

गत वैशाखमा क्युआर कोडमार्फत ८६ लाख व्यक्तिले रु २६ अर्बभन्दा बढीको कारोबार गरेको भन्दै नेपालमा विद्युतीय कारोबारको प्रयोग बढ्दो रहेको बताउनुभयो । राष्ट्र बैंकले चालु आर्थिक वर्षलाई विद्युतीय भुक्तानी प्रवर्द्धन वर्षका रुपमा सञ्चालन गरिरहेको छ ।

माछापुछ्रे बैंकका अध्यक्ष डा उपेन्द्र महतोले वित्तीय र विद्युतीय कारोबारलाई बढाएर समृद्ध मुलुक निर्माणमा योगदान दिन सकिने बताउनुभयो ।

प्याब्सनका अध्यक्ष डिके ढुङ्गानाले आर्थिक कारोबार र विद्युतीय मुद्दामा तल्लो तहसम्म सचेतना प्रवाह नभएसम्म मुलुक समृद्ध हुन नसक्ने बताउनुभयो ।

सो अवसरमा प्याब्सन अध्यक्ष ढुङ्गाना र बैंकका प्रमुख कार्यकारी निर्देशक सन्तोष कोइरालाबीच वित्तीय तथा विद्युतीय साक्षरता अभियानसम्बन्धी सहमतिपत्रमा हस्ताक्षर भएको थियो । रासस

# अर्गानिक तरकारीको बिक्री

**बखतियार अलि**

मलंगवा । सर्लाहीको मलंगवा नगरपालिका -२ मा रहेको पब्लिक मा वि अगाडिको



भण्डा बजार परिसरमा अर्गानिक सागसब्जी बिक्री वितरण गर्ने उद्देश्यले स्टल संचालनमा आएको छ।

उपभोक्ताहरुको स्वास्थ्य प्रति ख्याल राख्दै मलंगवा र आसपासका स्थानीय किसानहरुले उत्पादन गरेका विषादीरहित अर्गानिक साग सब्जीहरुको बिक्री गर्नका लागि झण्डा बजारमा छुट्टै स्टलहरु संचालनमा आएको छ ।

यसअघि स्थानीय किसानहरुले उत्पादन गरेको विषादीरहित तरकारी र ब्यापारीहरुले बाहिरबाट ल्याएका विषादीयुक्त तरकारी एकैसाथ बिक्री हुँदै आएको थियो।

अर्गानिक तरकारीको तुलनामा विषादी हालेको तरकारी अली सफा जस्तो देखिने गरेकोले अधिकांश उपभोक्ताहरु विषादीयुक्त तरकारीतर्फ बढी आकर्षित हुँदै आएका थिए।

शनिबार ओरेक नेपालले मलंगवा नगरपालिकामा आयोजना गरेको कृषि उत्पादनको अवस्था र बजारीकरण सम्बन्धी अन्तरक्रिया कार्यक्रममा सहभागी भएका महिला कृषक समूहले बाहिरबाट आयात भएका तरकारीका कारण स्थानीय स्तरमा उत्पादन भएका अर्गानिक तरकारीको बिक्रीमा बाधा उत्पन्न भइ घाटा बेहोर्नु परेकोले यसको उचित बजारीकरणका लागि व्यवस्था गरिदिन भनि नगरप्रमुख नागेन्द्र प्रसाद यादवसँग आग्रह गरेका थिए।

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : पुरस्कार प्राप्त लाभ । |
| बृष | : पारिवाहिक सुख । |
| मिथून | : बौद्धिक क्षमता । |
| कंकट | : प्रतिभा सम्पन्नता । |
| सिंह | : नयाँ कार्य हुने । |
| कन्या | : अवसर प्राप्त । |
| तुला | : सुख समृद्धि हुने । |
| वृश्चिक | : धन बृद्धि सञ्चय । |
| धनु | : वाद विवादबाट बच्नु । |
| मकर | : शिक्षामा उन्नति । |
| कूम्भ | : प्रेम प्रसंग, मित्र सुख । |
| मीन | : भ्रमण अवसर हुने । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



अन्तर्राष्ट्रिय योग दिवस २०२३ का अवसरमा भारतीय महावाणिज्य दूतावास वीरगञ्जद्वारा जनकपुरधाममा सोमबार आयोजित योगअभ्यास कार्यक्रममा योगा गरिँदै । *तस्बिरः टुडे*

# बाढी पहिरोमा ६ को मृत्यु, ६ घाइते २९ बेपत्ता

काठमाण्डु । अविरल वर्षाको कारण जेठ ३१ गतेदेखि देशका विभिन्न स्थानमा आएको बाढी एवं पहिरामा परी आज अपराह्नसम्म ६ जनाको मृत्यु भएको छ।

बाढी तथा पहिरामा परी सङ्खुवासभामा एक, ताप्लेजुङमा तीन, पाँचथरमा एक र नुवाकोटमा एक गरी जम्मा ६ जनाको मृत्यु भएको प्रहरी प्रधान कार्यालयले जनाएको छ। जसमध्ये पाँच पुरुष र एकजना बालिका रहेका छन् ।

साथै बाढी एवं पहिरामा परी सङ्खुवासभामा तीन, ताप्लेजुङमा दुई र पाँचथरमा एक गरी जम्मा ६ जना घाइते भएका छन् । घाइतेहरूलाई उपचारका लागि स्थानीय अस्पताल लगिएको छ । बाढी पहिरामा परी सङ्खुवासभामा २१, ताप्लेजुङमा तीन र पाँचथरमा पाँचजना गरी जम्मा २९ जना बेपत्ता अझै बेपत्ता भएका प्रहरी प्रवक्ता प्रहरी नायब महानिरीक्षक कुबेर कडायतले बताउनुभयो । बेपत्ताको खोजी कार्य जारी रहेको पनि उहाँले बताउनुभयो । बाढी एवं पहिराका कारण ३५ घर, १० गोठ, १३ पुल, पाँच उद्योग र दुईवटा सरकारी कार्यालयमा क्षति पुगेको छ । ६७ वटा पशुचौपायको मृत्यु भएको छ । उक्त अवधिमा विपद्का घटनाबाट ९७ घरपरिवार विस्थापित भएका छन् ।

**बाढी एवं पहिराका कारण ३५ घर, १० गोठ, १३ पुल, पाँच उद्योग र दुईवटा सरकारी कार्यालयमा क्षति पुगेको छ ।**

साथै बाढी पहिराको जोखिममा रहेका विभिन्न जिल्लाका विभिन्न घरपरिवारलाई सुरक्षित स्थानमा राख्ने, पहिरामा पुरिएका धनमाल निकालेर सुरक्षा गर्ने कामसमेत विभिन्न निकाय र स्थानीयवासीको समन्वय र सहयोगमा गर्नाका साथै विभिन्न स्थानमा भएको बाटो अवरोधसमेत प्रहरीले हटाउने कार्य गरिरहेको छ। रासस

# पुनः बस्ने निष्कर्षसहित सकियो सङ्घर्ष समितिसँगको वार्ता



विराटनगर । कोशी प्रदेश सरकार र प्रदेश नं १ पुनःनामकरण संयुक्त सङ्घर्ष समितिबीच भएको वार्ता सकारात्मक भएको छ।

वार्तापछि कुरा गर्दै सरकारकातर्फबाट वार्ता समितिका संयोजक तथा खानेपानी, सिँचाई तथा ऊर्जामन्त्री तिलकुमार मेन्याङ्बोले आगामी दिनमा फेरि बैठक बस्ने गरी सोमबारको वार्तामा सहमति भएको जानकारी दिनुभयो । वार्ताका क्रममा विषयवस्तुमाथि छलफल तथा आगामी दिनमा सहमतिमै निरन्तर वार्ताको वातावरण बनाउने निष्कर्ष निकालिएको उहाँको भनाइ छ।

पुनःनामकरण संयुक्त सङ्घर्ष समितिका वार्ता सदस्य एवं पहिचानसहितको प्रदेश नं १ पुनःनामङ्कन अभियान समितिका महासचिव रामभक्त कुरुम्वाङले सरकारसँगको पहिलो पटक भएको वार्तामा विषयवस्तुमा प्रवेश गर्नुका साथै हार्दिकतापूर्ण सम्पन्न भएको बताउनुभयो।

उहाँले वार्तालाई निष्कर्षमा पुऱ्याउन आगामी दिनमा पुनः वार्तामा बस्ने निर्णय भएको जानकारी दिनुभयो।

स्थानीय बिग होटलमा चार घण्टा बसेको वार्तामा संयोजक मन्त्री मेयान्ङ्बो, उद्योग, कृषि तथा सहकारीमन्त्री भक्तिप्रसाद सिटौला र सामाजिक विकासमन्त्री बुद्धिकुमार राजभण्डारी सहभाथगी हुनुहुन्थ्यो।

साथै सङ्घर्ष समितिकातर्फबाट नेपाल आदिवासी जनजाति महासङ्घका केन्द्रीय समितिका अध्यक्ष गेल्जे शेर्पा, सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्चका अध्यक्ष कुमार लिङ्देन, किरात राई यायोक्खा केन्द्रीय समितिका उपाध्यक्ष युवराज राई, किराँत राष्ट्रिय समितिका अध्यक्ष रमेश राई, किरात याक्थुङ चुम्लुङ केन्द्रीय समितिका उपाध्यक्ष गोविन्द आङवुहाङ, राष्ट्रिय जनमुक्ति पार्टीका महासचिव पदम जवेगु, पहिचान सहितको प्रदेश नं १ पुनः नामङ्कन अभियानका महासचिव रामभक्त कुरुम्बाङ, नेपाल लिम्बू सङ्घका अध्यक्ष कृष्ण चोङ्वाङ्, नेपाल शेर्पा सङ्घका महासचिव लाक्पा शेर्पा सहभागी हुनुहुन्थ्यो । रासस

# रोपाइँ गर्ने बेला खडेरी, खेतमै सुक्न थाल्यो धानको ब्याड



काठमाण्डु । एक महिनादेखि परेको खडेरीले किसानले रोपाइँ गर्न पाएका छैनन् । खडेरीका कारण चर्को गर्मी हुँदा जनजीवन कष्टकर बनेको छ । पानीको हाहाकार सुरु भएको छ, बोटबिरुवा सुकेका छन्, किसानका खेतमा धानको ब्याड राखेका ठाउँ पटपटी फुटेर धाँजा फाटेका छन् ।

मल, बीउ अभाव झेल्दै आएका किसानहरू बीउ राख्ने बेलादेखि रोपाइँ सुरु गर्ने बेलासम्म परेको लामो खडेरीले समयमा धान रोपाइँ नै प्रभावित हुनेमा चिन्तित बनेका छन् । तराईमा असार पहिलो सातादेखि रोपाइँ सुरु हुने भएकाले यतिबेला खेतमा ब्याड हरियो भइसक्ने थियो । तर समयमा वर्षा नहुँदा धानको बीउसमेत राख्न समस्या भएको किसानले बताएका छन् ।

असार सुरु हुँदासमेत पानी नपर्दा अधिकांश स्थानमा किसानहरूले बीउ राख्नसमेत पाएका छैनन । कतिपय राखिएका ब्याड पनि सुकेर सुर्ती मिच्ने जस्तै भएको रूपन्देही गैडहवा गाउँपालिका-७ का किसान आनन्दकुमार गुप्ता बताउनुहुन्छ। "रोपाइँ गर्नेबेला भयो तर धानको बीउ खेतमै सुकेर सुर्ती मिच्ने जस्तै भएको छ", उहाँले भन्नुभयो, "मानिसले पिउने पानीको समेत हाहाकार हुनथाल्यो, रोपाइँ कसरी गर्ने ?"

लुम्बिनी प्रदेश कृषि तथा भूमि व्यवस्था मन्त्रालय, कृषि विकास निर्देशनालयका अनुसार लुम्बिनी प्रदेशका सिँचाइको सुविधा भएका क्षेत्रमा धानको बीउ राख्ने काम सकिएको र रोपाइँको तयारी सुरु भएको छ। तर सिँचाइको सुविधा उपलब्ध नभएका जिल्लाहरूमा समयमा वर्षा नहुँदा बीउसमेत राख्न नपाएको र छरेको बीउ ब्याडमै सुक्ने अवस्था आएको छ।

निर्देशनालयका सूचना अधिकारी, कृषि अर्थविज्ञ डिल्लीराज पौडेल लुम्बिनी प्रदेशका १२ जिल्लामा तीन लाख २० हजार हेक्टर क्षेत्रफलमा धानखेती हुने गरेको बताउनुहुन्छ । यसमध्ये तराईका छ जिल्लामा मात्र ८८ प्रतिशत र बाँकी पहाडी जिल्लामा १२ प्रतिशतमा धानखेती हुने गरेको छ । प्रदेशका अधिकांश जिल्लामा पर्याप्त सिँचाइको व्यवस्था नहुँदा धानखेतीका लागि आकाशे पानीकै भर पर्नुपर्ने अवस्था रहेको छ । असारको पहिलो सातादेखि धान रोपाइँ सुरु हुने भए पनि यस वर्ष वर्षा नहुँदा रोपाइँ सुरु हुन सकेको छैन । लुम्बिनी प्रदेशमा धानखेती हुने क्षेत्रमध्ये ५७ दशमलव ०७ प्रतिशत भूभागमा पर्याप्त सिँचाइको व्यवस्था रहेको सूचना अधिकारी पौडेल बताउनुहुन्छ। सिँचाइको सुविधा नभएका भूभागमा खेतीका लागि आकाशे पानीकै भर पर्नुपर्ने भएकाले यस वर्ष रोपाइँ ढिला सुरु हुने अवस्था रहेको उहाँको भनाइ छ।

रूपन्देही तिलोत्तमाका कृषक पुरन क्षेत्री जेनतेन बोरिङको पानीले धानको ब्याड राखे पनि रोपाइँ गर्न भने आकाशको पानी कुरेर बसेको बताउनुहुन्छ । उहाँले असारको पहिलो साता बितिसक्दा पनि पानी नपर्दा धेरै किसानलाई निराश बनाएको बताउनुहुन्छ । "बीउ त छरियो, ब्याड जोगाउन दिनदिनै बोरिङ चलाएर पानी हाल्नुपर्छ", उहाँले भन्नुभयो, "रोपाइँ गर्न बोरिङको पानीले पुग्दैन, आकाशको पानीमा भर पर्नुपर्छ।"

लुम्बिनी प्रदेशमा धान उत्पादन हुने मुख्य तराईका जिल्लामध्ये पश्चिम नवलपरासीमा गण्डक नहरको सिँचाइ हुने केही क्षेत्रमा रोपाइँ सुरु भएको तर आकाशे पानीको भर पर्नुपर्ने क्षेत्रमा भने खडेरीले खेतीपातीमा प्रभाव पारेको कृषि ज्ञानकेन्द्र पश्चिम नवलपरासीका सूचना अधिकारी समिरसिंह बराइ मगर बताउनुहुन्छ। पश्चिम नवलपरासीमा २१ हजार एक सय ७५ हेक्टर क्षेत्रफलमा धानखेती हुने गरेको र हालसम्ममा पाँच प्रतिशत क्षेत्रफल जमिनमा रोपाइँ भइसकेको सूचना अधिकारी मगर बताउनुहुन्छ । जिल्लामा कूल खेतियोग्य जमिनको ७० प्रतिशत भूभागमा सिँचाइको सुविधा उपलब्ध छ।

धानखेतीमा राम्रो उत्पादन हुने जिल्ला मानिएको दाङ जिल्लामा समयमा वर्षा नहुँदा रोपाइँमा असर परेको छ । जिल्लाको कूल खेतीयोग्य ६५ हजार नौ सय ८० हेक्टर क्षेत्रफलमध्ये ३९ हजार चार सय हेक्टर क्षेत्रमा बर्सेनि धानखेती हुन्छ। तर यसवर्ष अहिलेसम्म करिब ९१ हेक्टर क्षेत्रफलमा मात्र रोपाइँ गरिएको कृषि ज्ञानकेन्द्र दाङका सूचना अधिकारी कृषि अर्थविज्ञ पृथ्वीराज लामिछाने बताउनुहुन्छ।

जिल्लामा कूल खेतीयोग्य जमिनको ३० प्रतिशत १९ हजार छ सय ८७ हेक्टर जमिनमा सिँचाइ सुविधा रहेको छ। यससँगै १९ हजार दुई सय ६१ हेक्टर जमिनमा आंशिक सिँचाइको सुविधा रहेको र करिब १० प्रतिशत जमिनमा आकाशे पानीको भर पर्नुपर्ने अवस्था रहेको सूचना अधिकारी लामिछानेले जानकारी दिनुभयो। रासस

# तीन करोड ५६ लाख बराबरको अवैध सम्पत्ति कमाएको अभियोगमा मुद्दा दायर

काठमाण्डु । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गैरकानुनी सम्पत्ति आर्जन गरेको अभियोगमा जलस्रोत तथा सिँचाइ विभागका तत्कालीन महानिर्देशक मधुकरप्रसाद राजभण्डारीविरुद्ध आज विशेष अदालतमा मुद्दा दायर गरेको छ।

आयोगले आरोपी राजभण्डारीविरुद्ध रु तीन करोड ५६ लाख ७७ हजार तीन सय ४६ बराबरको बिगो कायम गरी आज मुद्दा दायर गरेको सहायक प्रवक्ता देवीप्रसाद थपलिया जानकारी दिनुभयो । विसं २०५१ फागुन ३० गते सार्वजनिक सेवामा प्रवेश गरेका राजभण्डारी २०७९ भदौ ३१ गते मात्रै सेवाबाट अवकाश पाएका थिए।

आयोगका अनुसार राजभण्डारीको वैधानिक आय पारिश्रमिक बचत, उहाँको श्रीमतीको पारिश्रमिक बचत, उपदान, दैनिक भ्रमण भत्ता तथा स्थानीय भत्ता, बीमा परिपक्व भई प्राप्त भएको आय, शेयर बिक्रीबाट प्राप्त आय गरी रु तीन करोड ८५ लाख ५१ हजार सात सय ४० बराबर रहेको छ।

सो अवधिमा राजभण्डारीले रु सात करोड ४२ लाख २९ हजार ८६ बराबरको खर्च तथा लगानी गरेको पाइएको छ।

त्यसमध्ये रु तीन करोड ५६ लाख ७७ हजार तीन सय ४६ बराबरको रकमको वैधानिक स्रोत पुष्टि हुन नसकेको पाइएको आयोगले जनाएको छ।

सिँचाइ विभागका महानिर्देशकसमेत रहेका राजभण्डारीले सार्वजनिक दिनमा रहेर पदको दुरुपयोग गरी गैरकानुनी रुपमा आर्जन गरेको पाइएको र त्यस्तो सम्पत्ति श्रीमती दीपा श्रेष्ठको नाममा जग्गा खरिद गरेको, घर निर्माण गरेको तथा विभिन्न कम्पनीमा लगानी गरेको पाइएको छ । आरोपी राजभण्डारी र उहाँका श्रीमती दीपाको नाममा रहेको सम्पत्ति जफतको मागदाबी गर्दै विशेष अदालतमा मुद्दा दायर गरिएको सहायक प्रवक्ता देवीप्रसाद थपलियाले जानकारी दिनुभयो। रासस

# सीमान्तकृत महिलाको सशक्तिकरणका लागि एकताबद्ध

काठमाण्डु। विभिन्न आयोगका पदाधिकारीले सीमान्तकृत महिलाको सशक्तिकरणका लागि एकताबद्ध हुन जरुरी रहेको बताउनुभएको छ । राष्ट्रिय महिला आयोगद्वारा आज आयोजित 'सीमान्तकृत महिलाहरूको सशक्तिकरणका लागि सरोकारवालासँग अन्तरक्रिया' कार्यक्रममा विभिन्न आयोगका पदाधिकारीले एकताबद्ध हुनुपर्नेमा साझा मत राख्नुभएको हो।

महिला आयोगका अध्यक्ष कमलाकुमारी पराजुलीले सीमान्तकृत महिलाको राज्यको मूलप्रवाहीकरणमा अभिवृद्धि गर्न सबै निकाय प्रतिबद्ध हुनुपर्ने बताउनुभयो । "सीमान्तकृत महिलाका मुद्दामा समयसापेक्ष थपिँदै गएका चुनौतीहरूको सम्बोधन गर्न सबै निकाय प्रतिबद्ध हुन जरुरी छ। अहिलेको समयमा पुराना समस्या यथावत हुनु र नयाँ समस्या थपिँदै गएकाले उक्त चुनौतीपूर्ण समस्यालाई समाधान गर्न सबै निकाय प्रतिबद्ध हुनुपर्छ" उहाँले भन्नुभयो।

अध्यक्ष पराजुलीले आयोगका कार्यक्रम गाउँ केन्द्रित हुन सकेनन् भन्ने सरोकारवालाको गुनासोलाई सम्बोधन गर्दै महिलाका मुद्दासम्बन्धी विभिन्न सवाललाई नीतिगत तहमा प्रवाह पार्न प्रायः कार्यक्रम गाँउ केन्द्रित नभएर केन्द्रमा सञ्चालन गर्नुपरेको स्पष्ट पार्नुभयो। महिलाका मुद्दा समाधान विषयमा अन्य आयोगको तुलनामा मुस्लिम आयोग र मधेसी आयोगमा बढी कठिनाइ हुदाँहुँदै पनि समन्वयन हुन नसकेको अध्यक्ष पराजुलीले गुनासो व्यक्त गर्नुभयो।

कार्यक्रममा राष्ट्रिय आदिवासी जनजाति महिला मञ्चका उपाध्यक्ष यशोक्रान्ति भट्टचनले 'नेपालमा सीमान्तकृत महिलाको वर्तमान अवस्था, समस्या, चुनौती र भावी कार्यदिशा' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो।

आदिवासी जनजाति आयोगका अध्यक्ष रामबहादुर थापाले सीमान्तकृत महिलाको समस्या समाधान गर्न प्राथमिकताका आधारमा वर्गीकरण गर्नुपर्ने बताउनुभयो।

"सबैभन्दा बढी उत्पीडित वर्गलाई प्राथमिकतामा राखी समस्या समाधानतर्फ आयोग लाग्नुपर्छ। लक्षित वर्ग केन्द्रित भएमा मात्र सीमान्तकृत महिलाका समस्या समाधान हुन सक्छ" उहाँले भन्नुभयो। त्यस्तै दलित आयोगका अध्यक्ष देवराज विश्वकर्माले स्थानीय सरकारले जनतालाई सचेत गराउने दायित्व लिनुपर्ने बताउनुभयो । महिला आयोगको कार्यक्षेत्र धेरै रहेकाले स्थानीय सरकारलगायत सबै सरोकार क्षेत्र प्रतिबद्ध हुन आवश्यक रहेको उहाँको भनाइ छ।

कार्यक्रममा थारु आयोगका अध्यक्ष विष्णुप्रसाद चौधरीले सीमान्तकृत महिलाको सशक्तिकरणका लागि शिक्षालाई प्राथमिकतामा राख्नुपर्ने बताउनुभयो। "शिक्षा अभावकै कारणले महिलाका विषयमा विभिन्न अवरोध देखापरेका छन् । जबसम्म उनीहरूलाई शिक्षा प्रदान गरी सचेत गरिँदैन तबसम्म यी समस्या चुलिँदै जान्छन्" उहाँले भन्नुभयो।

त्यस्तै समावेशी आयोगका सदस्य तथा प्रवक्ता पुष्पराज तिमिल्सिनाले समावेशीका विभिन्न समस्या समाधानका लागि अध्ययन अनुसन्धान गर्न बजेट अपर्याप्त रहेको बताउनुभयो। रासस


**कर्मचारी सञ्चय कोष, जनकपुर शाखा कार्यालयवाट धितोमा आधारित कर्जा लिई किस्ता नियमित नगर्ने र भाखा नाघेका कर्जाका ऋणीलाई सावा ब्याज भुक्तानी गर्ने सम्बन्धि जरुरी सूचना**

प्रकाशित मिति २०८०/०३/०५

कोषको यस शाखा कार्यालयवाट विभिन्न मितिमा घर सापटी, शैक्षिक सापटी, घर मर्मत सापटी र जग्गा खरिद सापटी लिएका ऋणी सञ्चयकर्ताले कोषलाई बुझाउनु पर्ने रकम (नियमित त्रैमासिक ब्याज , बक्यौता ब्याज तथा भाखा नाघेका कर्जाका ऋणी सञ्चयकर्ताले कोषलाई तिर्नुपर्ने सम्पूर्ण साँवा ब्याज रकम) २०८० अषाढ मसान्त सम्म कोषको बैंक खातामा जम्मा गर्नुहुन अनुरोध गरिन्छ। नियमित त्रैमासिक ब्याज भुक्तानी गर्ने सञ्चयकर्तालाई कोषको तोकिए बमोजिमको ब्याज छुट दिने व्यवस्था रहेको समेत जानकारी गराईन्छ। कर्जा नियमित नगरेको अवस्थामा कर्मचारी सञ्चय कोष, सञ्चयकर्ता असुलीविनियम २०७९ बमोजिम असुली प्रकृया अघि बढाईने ब्यहोरा जानकारी गराईन्छ।

**कोषको रमक भुक्तानी गर्ने प्रकिया**

- सञ्चय कोषमा KYC अध्यावधिक गरेका सञ्चयकर्ताले Connect IPS मार्फत
- सञ्चय कोषमा KYC अध्यावधिक नगरेका सञ्चयकर्ताले देहायका बैंक खातामा रकम जम्मा गरि janakpur@epf.org.np मा भौचरमा पठाउन हुन अनुरोध छ।

| क.स. | बैंकको नाम | बैंक खाता नं. | कैफियत |
|---|---|---|---|
| १. | माछापुच्छे बैंक | उल्लेख गर्नु नपर्ने | Connect IPS मार्फत बुझाउनु सकिने |
| २. | एनएमबि बैंक लिमिटेड | ०३००००१२२४३००४५१ | भौचर मार्फत बुझाउनु सकिने |

**कर्मचारी सञ्चय कोष**
शाखा कार्यालय, जनकपुरधाम
फोन नं. ०४१-४२२१६६, ०४१-४२२१६७, मो .नं.: ९८४४३२९५२५



**जनकपुरधाम उप-महानगरपालिका, पिराडी चोक देखि पश्चिम, सिरहा मार्टको Opposite मा संचालित CFC Food Cafe मा विभिन्न परिकारको गुणस्तरीय तथा स्वादिष्ट खाना, नास्ताको लागि एकपल्ट सेवाको मौका दिनुहोस । ग्राहकको सन्तुष्टि नै हाम्रो सन्तुष्टि हो ।**

**हाम्रो स्पेशल परिकारहरु**


| | |
|---|---|
| Chicken Angara | 375/- |
| Chicken Cutlet | 320/- |
| Chicken Golden Fry | 330/- |
| Chicken Masala | 320/- |
| Mutton Masai Tikka | 475/- |
| Fish Tikka Crim | 395/- |
| Paneer Golden Fry | 255/- |
| Paneer Kurkure | 275/- |
| Veg 65 | 280/- |
| Soup | 150/- |
| Chicken Finger | 350/- |
| C.F.C. Damm Biryani | 495/- |
| Panjabi Paneer Pakauda | 295/- |





**सम्पर्क ठेगाना**

**CFC Food Cafe**
Janakpurdham, Pirari Chowk
Contact NO. 9801670101




**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ। जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# रात्रि बजारको आवश्यकता

वीरगञ्ज महानगरपालिकाले रात्रिकालीन बजार लगाउने अभ्यास गरिरहेको छ। हरेक महिनाको अन्तिम शुक्रबार र शनिबार राति ११ बजे सम्म लाग्ने बजारको अब दिन परिवर्तन गर्ने भएको छ। रात्रिकालीन बजार अब शनिबार र आइतबार लाग्ने बताइएको छ। सीमावर्ती भारतको ठूलो बजार रक्सौल र वीरगञ्ज जोडिएको छ। रक्सौलमा मदिराको बेचबिखन र सेबनमा पूर्णतःरोक लागेको छ। रक्सौलबासीलाई ध्यानमा राखेर वीरगञ्जमा रात्रिकालीन बजार लगाइएको छ। रात्रिकालीन बजार लाग्ने दिन राति साढे ११ बजेसम्म दुबै तर्फको भन्सार खुल्ला रहने गरेको छ। रात्रिकालीन बजारले भन्सारमा वृद्धि हुने होइन्। तर रक्सौलका मानिसहरु सप्ताह अन्तमा सहज ढंगले वीरगञ्जमा आएर क्यासिनो खेल्ने र मदिरा सेवन गर्ने अवसर पाउँछन्। महिनामा २ दिन मात्र रात्रिकालीन बजार लाग्दा पनि होटेल, रेष्टुरेन्ट र मदिरा व्यवसायीलाई अत्यधिक फाइदा भइरहेको छ। हरेक महिनाको अन्तिम शुक्रबार र शनिवार लाग्ने बजारलाई भारतीय नागरिकको सुझावमा अब शनिबार र आइतबार गर्न लागिएकोछ। भारतमा आइतबार बिदा हुने भएकाले शनिबार साँझ वीरगञ्ज आएर आइतवार राति फर्किदा सहज हुने बताइएकोछ।त्यहाँ अबेर रातिसम्म बजार लगाइए पनि ठेलामा चाउचाउ, मःम लगायतका नास्ता र भोजनहरुका अतिरिक्त अन्य सामानहरुको खरिद बिक्री न्यून नै रहेको छ। अहिले जनकपुरधाममा पनि रात्रिकालीन बजार लगाउने छलफल सुरु भएकोछ। जनकपुरधाममा रात्रिकालीन जीवनशैली नै छैन्। गर्मीमा राति ढिलोमा ९ बजे र जाडोमा राति ८ बजे सम्म अधिकांश पसल बन्द गरी ब्यवसायीहरु घर गइसक्छन् ।बजारमा राति किनमेल गर्न आमनागरिकलाई खासै आवश्यकता हुँदैन्। रात्रिको समयमा सञ्चालन हुने उद्योग धन्धा, रेलवे स्टेशन, एयरपोर्ट, बोर्डर लगायत रात्रिकालीन गतिविधि हुने कुनै क्षेत्र नै छैन्। जनकपुरधामदेखि भारतीय सीमा कम्तीमा १५ किलोमिटर दूरीमा रहेको छ। भारतीयहरु साँझ आएर राति फर्किने कुनै सम्भावना नै छैन्। राति जनकपुरधाममा बसेर समय विताउन सहज छैन्। भारतीयहरुले राति जनकपुरधाममा बास बस्दा साँझ गंगाआरती र जानकी मन्दिरमा पूजा बाहेकको दर्शनीय स्थल कमै छ। क्यासिनोको सुविधा यहाँ छैन्। रात्रिकालीन बजारमा कारोबार गर्न जाने अथवा माछा, मासु, चाउमिन, मःम खानेहरुको संख्या राति कति नै हुनेछ। नयाँ नयाँमा बजारमा मानिसहरु राति गर्मी छल्न पनि परिवारसहित निस्केलान्। तर वर्षा र जाडोमा रात्रिकालीन बजारलाई निरन्तरता दिन सहज छैन्। वीरगञ्ज जस्तो जीवनशैली जनकपुरधामको छैन्। त्यसकारण पर्याप्त अध्ययन नगरी रात्रि बजारको नक्कल गर्नु दीर्घकालीन नहुन सक्छ। बजारमा सुरक्षाको प्रत्याभूति रहेकाले बजार करीब ९ बजेसम्म खुल्ला नै रहने गरेको छ। राति १० बजेसम्म बजार खुल्ला राख्ने विषय पनि ठूलो होइन्। तर ढिलासम्म बजार खोल्दा हुने खर्च र त्यसकारण बढने महँगीलाई पनि विचार गर्नु आवश्यक छ।

# समाजवादी मोर्चाका सम्भावित अन्तर्कथा



रोशन जनकपुरी

सबै थोक अपेक्षा अनुकूल नै भयो भने यो लेख प्रकाशित हुन्जेलसम्म केही वर्षदेखि पटक पटक चर्चा हुनेगरेको समाजवादी मोर्चाको घोषणा भई सकेको हुनेछ। तर, यो लेख लेखी रहँदा आएको समाचारको आधारमा भन्नु पर्दा समाजवादी मोर्चाको आवश्यकता बारे कुरा उठाउने नेपाल समाजवादी पार्टीका संयोजक डा. बाबूराम भट्टराई यस मोर्चामा हुनेछैनन्। मोर्चा प्रवेशमा उनको निम्ति तगारो बनेका छन् जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव।

मोर्चामा हाल सहमत देखिएका प्रधानमन्त्री प्रचण्ड नेतृत्वको माओवादी केन्द्र, माधवकुमार नेपाल नेतृत्वको एकीकृत समाजवादी, उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी र नेत्रविक्रम चन्द विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी छन्। समाजवादी मोर्चामा डा. भट्टराईलाई अन्य तीन दलले स्वीकार्न तयार रहेपनि जसपा अध्यक्ष तयार नरहेको खबरहरु बाहिरिएका छन्। जनता समाजवादी पार्टीमा दुबै नेता संगै रहेको बेला दुबै नेता बीच जन्मेको मतभेद र तिक्तता सम्भवतः अहिलेसम्मपनि बाँकी नै रहेको देखिएको छ।

यो सत्ताको राजनीतिपनि गज्जबको हुँदो रहेछ। जतिबेला जसपा अध्यक्ष यादव र प्रचण्डबीचको तिक्तता थियो, डा. भटटराई र यादव साथसाथ थिए, र जतिबेला यादव र डा. भट्टराईबीच तिक्तता छ, यादव र प्रचण्ड साथसाथ छन्। तर रोचक के छ भने अहिले यादव र डा. भट्टराई दुई विपरीत कित्तामा देखिएपनि माओवादी केन्द्रका अध्यक्ष प्रचण्डसंग दुबैको सम्बन्ध भने सौहार्द्रपूर्ण नै छ। दुबै पार्टी प्रचण्ड नेतृत्वको गठबन्धन सरकारमा छन्। संसदमा १२ सीट रहेको जसपा अध्यक्ष उपेन्द्र यादवलाई महत्व दिएर प्रचण्डले आफूलाई बाईपास गर्नुलाई डा. भट्टराईले कुन अर्थमा लिन्छन् र यस्को पश्चगामी प्रभाव कस्तो हुन्छ भन्ने रोचक विषय हुनेछ। तर यस्को निम्ती प्रतीक्षा गर्नु पर्ने हुन्छ। संघीय संसदमा डा. भट्टराईको पार्टीको १वटा सीट छ।

सम्भावित समाजवादी मोर्चामा अर्को रोचक पक्ष हालसम्म संसदिय राजनीतिभन्दा बाहिर रहेको विप्लव नेतृत्वको नेकपाको हुनेछ। हुन त यस पार्टीका एक शिर्षस्थ नेता खडकबहादुर विश्वकर्माको भनाईलाई मान्ने हो भने विप्लवको पार्टी गैरसंसदिय पार्टी रहेको तथा अन्य संसदिय पार्टीहरु छन्। तर सबै थोक अपेक्षा गरे अनुसार नै भयो भने र समाजवादी मोर्चाको घोषणा भयो भने, त्यसपछि विप्लवको पार्टीपनि संसदिय पार्टीमा गनिने छन्। त्यतिमात्रै होइन, उनिहरु सत्ताधारी पार्टीपनि हुनेछन्।

यस्तो किन भनियो भने, पहिलो कुरा त यस मोर्चामा विप्लव बाहेका पार्टीहरु सत्ताधारी संसदिय पार्टीहरु हुन् ; र दोस्रो, मिडियामा खबर आए अनुसार यस मोर्चामा सहभागी सबै दलले पालै पालो नेतृत्व गर्ने व्यवस्था गरिएको छ। यसरी विप्लवको पार्टीले मोर्चाको नेतृत्व गर्ने बेला आखिर बाँकी संसदिय दलहरुपनि उनकै मातहतमा हुनेछन्। अर्को कुरा, एउटै मोर्चामा रहने भएकोले सत्तामा उनिहरुको वर्चस्व कायम हुन्छ, भन्ने कुरा मोर्चामा सहभागी घटकहरुको चासोको विषय बन्दैन भन्ने कुरा हुनै सक्दैन। यसरी के देखिन्छ भने विप्लव र उनको पार्टी यस मोर्चामा सहभागी हुनु उनिहरुको निम्ती राजनीतिक प्रवृत्तिको दृष्टिले सिफ्ट जस्तै हुनेछ। यसले उनिहरुको निम्ती न्यूनतम् एउटै राजनीतिक विगतका सहयात्री प्रचण्डसंग वैचारिक र सांगठनिक विलयनको अवसर र बाटो प्रशस्त गर्नसक्छ। (सम्भवतः प्रचण्डले चाहेकोपनि यस्तै हुनुपर्छ।) कम्युनिस्ट पार्टी नै भएपनि भिन्न वैचारिक स्कूलबाट आएका माधवकुमार नेपाल र प्रचण्ड दुई भिन्न राजनीतिक पृष्ठभूमिका नेताहरु हुन्।

> “ **मोर्चामा प्रभावशाली घटकको रुपमा देखिएको जसपा अध्यक्ष यादवका पनि मोर्चामा सामेल हुनुका आफ्ना अपेक्षाहरु हुन सक्छन्। मधेशी राजनीतिमा सबैभन्दा प्रभावशाली र मसीहाकै स्तरमा प्रचारित जसपा अध्यक्ष यादव तराई मधेश, विशेष गरि मधेश प्रदेशमा, विशेष गरी मधेश आन्दोलनको दृष्टिले, हुन त अहिलेपनि सबैभन्दा प्रभावशाली नै देखिन्छन्।**

नेपाली कम्युनिस्ट आन्दोलनमा वरिष्ठ माधवकुमार नेपाल भएपनि प्रभाव र गतिशीलताको दृष्टिले प्रचण्ड प्रभावशाली छन्। आफ्नो शिर्षस्थ र प्रभावशालिता आहत भएपछि एमालेबाट अलग्गिएका माधवकुमार नेपालले आफ्नो राजनीतिक दीर्घ जीवन र संसदिय वर्चस्वको निम्ती प्रचण्डको साथ आवश्यक छ। यस पटकको निर्वाचनमा उनको पार्टीले राष्ट्रिय पार्टीको हैसियत प्राप्त गर्न सकेन।

यस्तोमा उनको राजनीतिक प्रभावमा उनको हालको पार्टी एकीकृत समाजवादीभित्र प्रश्न उठने सम्भावनालाई उपेक्षा गर्न सकिँदैन। यस्तोमा मोर्चाभित्रको सहभागिताले उनको प्रभाव बचाउन सक्ने देखिन्छ। फेरी मोर्चाभित्रको तीनवटा दलहरु कम्युनिस्ट ब्यानरका नै भएकोले सबै मिलेर नयाँ पार्टी निर्माणको सम्भावनाले उनलाई कमजोर ठानेर पलायन हुन खोज्नेलाई रोक्न सक्ने देखिन्छ। मोर्चाभित्र माधवकुमार नेपालको अपेक्षाहरुबारे यसरीपनि अनुमान गर्न सकिन्छ।

मोर्चामा प्रभावशाली घटकको रुपमा देखिएको जसपा अध्यक्ष यादवका पनि मोर्चामा सामेल हुनुका आफ्ना अपेक्षाहरु हुन सक्छन्। मधेशी राजनीतिमा सबैभन्दा प्रभावशाली र मसीहाकै स्तरमा प्रचारित जसपा अध्यक्ष यादव तराई मधेश, विशेष गरि मधेश प्रदेशमा, विशेष गरी मधेश आन्दोलनको दृष्टिले, हुन त अहिलेपनि सबैभन्दा प्रभावशाली नै देखिन्छन्।

तर जसो जसो मधेश आन्दोलन शिथिल हुँदैगएको छ, विगतको तुलनामा उनको प्रभाव घट्दै गै रहेको छ। कतिसम्म भने संसदिय निर्वाचनमा उनि पराजित भए, र अर्को उपनिर्वाचनमा उनकै पार्टीको सांसद रामसहाय प्रसाद यादव उपराष्ट्रपतिमा चयन भएपछि रिक्त भएको सीटमा जित्न उनलाई गाह्रो परेको थियो। यसरी नै एकातिर मधेश आन्दोलन विभाजित हुनु र मधेशमा डा. सीके राउत नेतृत्वको जनमत पार्टी जसरी उनको प्रतिस्पर्धी पार्टीको रुपमा देखिनु उनको निम्ती चुनौतीको रुपमा देखिएको छ। यद्यपि उनको अर्को चुनौती भनेको मधेशमा विगतका निर्वाचनहरुमा धक्का खाएका नेपाली राजनीतिमा नेका र एमाले जस्ता पारम्परिक पार्टीहरुले फेरी आफ्नो प्रभाव बढाउँदै लग्नु हो। कतिसम्म भने संघीय संसदमा त नेका, माके र एमालेको पछि लाग्नु अन्य मधेशकेन्द्रित दलहरु जस्तै उनकोपनि बाध्यता त छँदैछ, मधेश प्रदेशमापनि उनको सरकार कहिले एमाले त कहिले नेका माकेको समर्थनमा चलि रहेको छ। वर्तमानमा मधेश प्रदेशमापनि सबैभन्दा ठूलो दल एमाले नै रहेको छ। तात्पर्य के हो भने संघीय संसद होस वा प्रदेश सभा, यादवको वर्चस्व कमजोर हुँदैछ। यस्तोमा उनले कुनै सम्बलको आवश्यकता छ। यस्तोमा समाजवादी मोर्चाको घटक पार्टी हुनुले उनको प्रभावशीलतालाई भरथेग गर्ने अपेक्षा उनले राख्नु अस्वाभाविक मानिदैन। एकातिर पार्टीको रुपमा स्वतन्त्र निर्णय लिनपनि स्वतन्त्र हुन पाउने तथा अर्कोतिर संसदमा प्रभावशाली मत भएको मोर्चाको सदस्यपनि हुनपाउनु। उनको अरुचिको कारण माके लगायतका अन्य घटक दलहरुले मोर्चाभित्र डा. भट्टराईलाई चाहेरपनि प्रवेश गराउन सकेनन्, त्यसले मोर्चाभित्र यादवको प्रभावशाली हैसियत दर्शाउँछ। यस्ले जसपाभित्र उनको हैसियत र वर्चस्वमा वृद्धि गराउने उनले गर्नुपनि अस्वाभाविक हुने छैन।

माओवादी जनयुद्धको युगान्तकारी गौरवपूर्ण विरासतबाट नेपाली राजनीतिमा ऐतिहासिक रुपमा उदाएका माके अध्यक्ष प्रचण्ड संसदिय राजनीतिमा घरजम गरिसकेपछि उनि नियमित र सामान्य संसदिय नेता जस्ता भएका छन्। हुन त संघीय गणतन्त्रको स्थापनापछि उनि हमेशा सत्ताका केन्द्रमा नै छन्। कहिले एउटा पार्टीसंग त कहिले अर्को पार्टीसंग मिलेर उनि पटक पटक प्रधानमन्त्री हुन सफल भएकै छन्। यस्लाई उनको कूटनीतिक कुशलता भन्न सकिन्छ।

तरमाओवादीका आधारभूत एजेन्डाबाट विचलित हुनुको कारण तथा नेपालमा माओवादी कम्युनिस्ट आन्दोलन विभाजित भैसकेपछि विचारधारात्मक तथा चुनावी लोकप्रियतामापनि उनको पार्टीको ग्राफ घट्दो क्रममा देखिन्छ। माओवादी जनयुद्धको विचार निर्माण गर्ने पार्टी नेकपा मशाल तथा दसवर्षे जनयुद्धको संचालन गर्ने पार्टी नेपाल कम्युनिस्ट पार्टी (माओवादी)को गठन भएपछिको विगत साढे तीन दशकदेखि निरन्तर नेतृत्वमा रहेका प्रचण्डको निम्ती यो घट्दो लोकप्रियता उनलाई सत्तामा वर्चस्व कायम राख्न चुनौती थपिने कुरा उनले राम्ररी बुझेका छन्। यस्तोमा यो चारदलको मोर्चासंग उनलेपनि अपेक्षा गर्नु स्वाभाविक नै हुनेछ।

यसरी के देखिन्छ भने प्रत्यक्षमा देशलाई समाजवादी दिशामा लैजानका निम्ती यस मोर्चाको निर्माण गरिएको भनिएपनि यो वर्तमान सत्ता राजनीतिमा आ-आफ्ना अपेक्षा सहित भएको हो। सैद्धान्तिक दावीहरु यस मोर्चाका बाहिरी आवरण मात्र हुन्। यस्तो किन भनियो भने, त्यस्तो भएको भए डा. भट्टराईलाई मोर्चाभित्र प्रवेशमा जसपा अध्यक्ष यादव तगारो बन्ने थिएनन्। आखिर डा. भट्टराईपनि यादव जस्तै गैर मार्क्सवादी समाजवादी नै हुन्। यस्तोमा मोर्चालाई बलियो बनाउने उद्देश्य भएको भए पुराना तीतोपना यादवले बिर्सनु पर्ने थियो। दोस्रो महत्वपूर्ण तथ्य समाजवादी मोर्चामा समाजवादबारे सर्वसम्मत विचारधारा र लक्ष्यको अभाव देखिनु हो। मिडियामा आए अनुसार चारवटा दलहरुले मोर्चाबारे सहमति जनाएका पन्द्रवटा बुँदाहरुमा समाजवादबारे अमूर्त भाषाको प्रयोग गरिएको छ। जहाँसम्म समाजवादी मोर्चाका घटक दलहरुको बुझाईको कुरा छ, समाजवाद बारे सबैका फरक फरक छ। विप्लव अहिलेपनि माओवादी विचारका निकट भएर समाजवादको व्याख्या गर्न रुचाउँछन्। प्रचण्डले आफूलाई माओवादबाट अलग्ग राख्ने खोजेपनि उनको समाजवादमा मार्क्सवाद र लेनिनवादी व्याख्या तथा जनयुद्धको गौरव मिसिएकै हुन्छ।

त्यसरी नै माधवकुमार नेपालले आफूलाई मालेवादी भनेपनि उनको व्याख्या मदनभण्डारीको बहुदलिय जनवाद तथा संसदिय उदारतावादमा आधारित छ। त्यसै गरि अर्को जसपा अध्यक्ष यादवले आफूलाई गैर कम्युनिस्ट पटक पटक भनि रहनुले उनको समाजवाद गैर मार्क्सवादी वा अधिकतम् प्रजातान्त्रिक समाजवादीहरुले भने जस्तैसमृद्धिलाई समाजवादको रुपमा परिभाषित हुने देखिन्छ। यसरी समाजवाद बारे समान बुझाई विकसित न गरेसम्म यी फरक बुझाईहरु समाजवादी मोर्चाको निम्ती चुनौतीको रुपमा रहने छ। यो त फरक विषय भयो। हाल त के देखिन्छ भने यो मोर्चा सबैको निम्ती आ-आफ्नो समस्या समाधान गर्ने उपायको रुपमा देखिन्छ।

यद्यपि प्रचण्ड लगायतको समाजवादी मोर्चा निर्माण, संसदिय राजनीतिमा एउटा तरंग तथा सत्ता समीकरणलाई नयाँ सिराबाट संयोजन गर्ने निहुँ बन्ने सम्भावनापनि उत्तिकै छ। यसले संसदिय राजनीतिमा समान हैसियतका र मन मिल्ने अन्य साना साना दलहरुलाई पनि एकजूट हुन प्रेरित गर्न सक्छ।

जनताको हितभन्दापनि निजी स्वार्थमा लिप्त संसदिय राजनीतिक दलहरुको यस मोर्चाबन्दीबाट धेरै अपेक्षा त गर्न सकिँदैन्। यस्तो किन भनियो भने समाजवाद भनेको निजी सम्पत्तिको निषेधको बाटो अवलम्बन गर्नु, श्रमजीविवर्गीय विचार र सँस्कृतिको बाहुल्यता, उत्पादन र वितरणका साधनहरुमा समाजको अधिकार र वर्चस्व हुने गर्छ। समाजवादको उद्देश्य नाफा वा लाभ कमाउनु हुँदैन, बरु समाजको कल्याण हुने गर्छ। त्यसैले पूँजीवाद वा पूँजीपतिहरुले समाजवाद रुचाउँदैनन्। यस मोर्चाबाट यस्तो समाजवादको अपेक्षा गर्नु स्वाभाविक हँदैन। कदाचित भयो भने आश्चर्य मान्नु पर्छ। तरपनि यसले थोरैभएपनि समाजवादी सँस्कृति अँगाल्न सक्यो, समाजवादबारे समाजमा तलसम्म बहस जन्माउन सक्यो भने यस्को सार्थकता हुनेछ।

# ‘जन्मोत्सवमा रक्तदान अभियान’ को सान्दर्भिकता



प्रेमसागर कर्माचार्य



स्वयंसेवी रक्तदाताहरूलाई थप उत्प्रेरणा गराउन सन् २००४ जुन १४ देखि विश्व रक्तदाता दिवस मनाउन थालिएको छ। विश्व स्वास्थ्य सङ्गठनले सन् २०२३ जुन १४ को यस वर्षका लागि ‘रगत तथा प्लाज्मा नियमित दान गरौँ, जीवन बचाउने कार्यमा ऐक्यबद्ध होऔँ’ भन्ने नारा तय गरेको छ। हरेक वर्ष कुनै न कुनै देशको प्रमुख आयोजनामा मनाइने यो दिवस यसपटक अल्जेरियामा भव्यरूपमा मनाइँदैछ। दक्षिण अफ्रिकी राष्ट्र जोहन्सबर्गमा पहिलोपटक आयोजना गरिएको यो दिवसले बीसौँ वसन्त पार गर्दैछ।

डा कार्ल ल्याण्डस्टिनरको जन्मदिन जुन १४ लाई विश्व रक्तदाता दिवस भनी घोषणा गरिएको छ। कारण हाम्रो शरीरको नाशा-नशामा निरन्तर निर्विकल्प प्रवाह भइरहने रगतको समूह पत्ता लगाउने वैज्ञानिकको सम्मानस्वरूप विश्व रक्तदाता दिवस भनी मनाउन थालिएको हो। उनले हाम्रो शरीरमा मुख्यतः चार किसिमका रक्त समूह हुन्छ भनी पत्ता लगाएका थिए। यसमा धनात्मक समूहमा ए पोजिटिभ, बी पोजिटिभ, एबी र ओ पोजिटिभ तथा ऋणात्मक समूहमा ए नेगेटिभ, बी नेगेटिभ, एबी नेगेटिभ र ओ नेगेटिभ रहेको छ। अहिले संसारभर पाँच सयभन्दा बढी रक्त समूह छन् भनी वर्गीकरण गरिएको पनि छ। सुरुमा नेपालमा रक्त सञ्चार सेवा क्षेत्रमा एक सय ५७ जनाले रक्तदान गर्नुभएको थियो। तत्कालीन अवस्थामा स्वयंसेवी रक्तदाताको सङ्ख्या नगण्य मात्रामा थियो। बुधबार यो सङ्ख्या तीन लाखभन्दा माथि पुगिसकेको छ। आव २०३८/३९ सम्म पेशेवर रगत दिने व्यक्तिहरूको बिगबिगीलाई सोही समयदेखि नै हामी स्वयंसेवी रक्तदाताहरूको विशेष पहलमा आफ्नो शरीरको रगत बेच्ने त्यस्ता पेशेवरहरूलाई पूर्णतः विस्थापित गरेर अहिले स्वयंसेवी रक्तदाताहरूबाट मात्र रक्तदान गर्न, गराउन सफल भएका छौँ। तर विडम्बना नेपाल सरकारले जारी गरेको राष्ट्रिय रक्त सञ्चार सेवाको नीतिले निजी क्षेत्रलाई सहभागी बनाउने सन्दर्भमा स्वयंसेवी रक्तदाताहरूको रगतलाई खुल्लमूखुला बिल बिजक काटी व्यापार गर्न दिइरहेको छ। यसले गर्दा स्वयंसेवी रक्तदाताहरूले दानमा प्रदान गरेको रगतमा पनि व्यापार गर र कमाउ भन्ने सन्देश दिएको छ। यसले गर्दा अहिले अनेक विकृति देखिएको छ।

प्रत्येक स्वस्थ युवायुवतीहरूले आफ्नो १८औँ वर्षको जन्मोत्सवसँगै रक्तदानको शुभारम्भ गरौँ भन्ने यो आह्वानसहित अवधारणापत्र तयार गरिएको छ। यस अभियानलाई ‘क्तबचत ज्ञड क्तबचक त्भक’ नामकरण गरिएको छ। यसमा ‘म रक्तदान गर्नेछु, मैले रक्तदान गर्न सुरू गरेँ, नियमित रक्तदान सामाजिक दायित्व हो’ भन्ने भावना राखिएको छ। उच्च माध्यमिक विद्यालय पढ्दै गरेका वा सो सरह उमेरका स्वस्थ युवायुवतीलाई रक्तदानप्रति उत्प्रेरणा जगाई आफ्नो १८औँ वर्षको जन्मोत्सव रक्तदान गरी मनाउन प्रोत्साहित गर्नु यो अवधारणाको प्रमुख उद्देश्य हो। यसरी आफ्नो १८औँ वर्षको जन्मदिन रक्तदान गरी मनाउँदै प्रत्येक तीन/तीन महिनाको अन्तरालमा नियमित रक्तदान गर्दै रगत र रक्त-तत्वको आपूर्तिमा सहज बनाउन योगदान पुर्याउनु यस अभियानको मुख्य लक्ष्य रहेको छ।

स्थानीयस्तरमा उच्च माध्यमिक बिद्यालय र सो सरह उमेर पुगेका युवायुवतीहरूलाई सङ्गठित गर्दै रक्तदान कार्यलाई प्रभाकारी ढङ्गबाट समाजमा सञ्चालन गर्नु यो अभियानको प्रमुख उद्देश्य रहेको छ। यसले नयाँ नयाँ स्वयंसेवी रक्तदाताहरूको सङ्ख्यामा वृद्धि हुने क्रम बढ्ने विश्वास लिएको छ। यदि कोही पनि १७ वर्ष पूरा गरी १८ वर्ष पुगेर आफ्नो जन्मदिन रक्तदान गरी मनाउन चाहेमा घरमै गएर परिवारजन आफन्त र साथीभाइहरूबीच रक्तदान गराउने व्यवस्था मिलाइएको छ।

हामी स्वयंसेवी रक्तदाताहरू नै स्वयंसेवी तबरले देशैभर नयाँ नयाँ स्वयंसेवी रक्तदाताहरूको सङ्ख्यामा वृद्धि गर्न जुटिरहेका छौँ। फलस्वरूप रक्त व्यवस्थापनमा सहजता मिलिरहेको छ। यो नै दीर्घकालीन समाधान पनि होइन। सरकारी पक्षले रक्त व्यवस्थापनमा गुरुयोजना नै बनाएर कार्यान्वयन गर्न आवश्यक छ। स्वयंसेवी रक्तदाताहरूको प्रत्यक्ष संलग्नतामा यस क्षेत्रको योजना तर्जुमा गर्न सकेमा भविष्यमा प्रभावकारी सेवा प्रवाह गर्न सक्नेमा दुईमत नहोला।

यो वर्षको रगत र प्लाज्मा नियमित दान गरौँ, जीवन बचाउने काममा ऐक्यबद्ध होऔँ भन्ने नारा नाराबाट सहजै बुझ्न सकिन्छ कि विज्ञानले उपचारका क्रममा केवल रगतमात्र होइन, रगतबाट तयार पारिएका रक्त-तत्वहरूको याथोचित प्रयोग हुन आवश्यक छ भन्ने पुष्टि गर्दछ। विगतमा महामारीका रूपमा संसारभर फैलिएको कोभिड-१९ को समयमा कोरोना भाइरस, कोभिड-१९ बाट सङ्क्रमित भएका बिरामीलाई उपचारका क्रममा प्लाज्मा थेरापीद्वारा गरिने उपचारमा अत्यधिक प्लाज्माको माग भएको थियो। यसअन्तर्गत पहिलेभैँ साधारण रक्तदाताबाट दान गरिएको रगतबाट तयार पारिने प्लाज्मा होइन, कोभिड-१९ बाट सङ्क्रमित भई स्वास्थ्यलाभ गरिसकेका व्यक्तिहरूबाट रगत दान गराई सङ्कलन गरिएको रगतबाट तयार पारिएको प्लाज्मा मात्र चढाउनुपर्ने हुन्थ्यो। यसरी समयसापेक्ष आवश्यकतानुसार चिकित्सकहरूको मागलाई हामी स्वयंसेवी रक्तदाताहरूबाटै व्यवस्थापन गर्दै आइरहेका छौँ।

वैज्ञानिकहरूले विज्ञान सम्मत आविष्कार गरिएका प्रबिधिहरूले सम्बन्धित रोगका बिरामीको लागि आवश्यक मात्रामा आवश्यकतानुसार रगतबाट तयार पारिएका रक्त-तत्वहरूको माग हुन थालिसकेको छ। यस वर्षको विश्व रक्तदाता दिवसको नारा पनि उल्लेख छ रगत र प्लाज्मा दान गरौँ भन्ने छ।

रगत र रगतबाट तयार पारिएका रक्त-तत्वहरूको प्रशोधन गर्न गराउन जे-जति जस्तोसुकै प्रविधिहरूको आविष्कार गरिए पनि स्वयंसेवी रक्तदाताहरूबिना ती सबैको औचित्य पुष्टि गर्न सकिन्न। मानव जीवनको दैनिकीमा कार्य सम्पादन गर्न सहजीकरण लागि धेरैभन्दा धेरै आविष्कारहरू गरिएका छन्। तर मानव जीवन जीवन्त रहन नभई नहुने रगतको हालसम्म विकल्प निर्माण गर्न सकिएको छैन। यो विज्ञान र वैज्ञानिकहरूलाई नै चुनौतीको विषय बनेको छ।

‘रक्तदान, मानव जीवनमा अतुलनीय अनुकरणीय काम’ को मूल नारासहित नेपाल स्वयंसेवी रक्तदाता समाजको बुटवलमा सम्पन्न चौथो राष्ट्रिय महाधिवेशनले पारित गरेको घोषणाअनुसार नै रगत र रगतबाट तयार पारिएका रक्त-तत्वहरू निःशुल्क वितरण हुनुपर्ने मागलाई प्रदेश सरकार र स्थानीय सरकारले आंशिकरूपमा भए पनि वितरण गर्न शुभारम्भ गरिएको छ। यसलाई सङ्घीय सरकारले गुणस्तरीय परीक्षणपश्चात पीडित पक्षलाई एकरूपताका साथ रगत र रगतबाट तयार पारिएका रक्त-तत्वहरू निःशुल्क उपलब्ध गर्नुपर्ने ठहर गरिएको छ। साथै स्वयंसेवी रक्तदाताहरूको स्वास्थ्यमा प्रतिकूल असर नपर्ने गरी रक्तदान पूर्व हेमोग्लोबिन (एचबी) को मात्रा परीक्षण गरेर मात्र रक्तदान गराउनुपर्ने र स्वयंसेवी रक्तदाता सुरक्षित बनाउन आवश्यक पहल गर्नुपर्ने जरुरी छ।

नेपाल सरकारले स्वयंसेवी रक्तदाताहरूद्वारा दानमा प्रदान गरेको रगत र रगतबाट तयार पारिएका रक्त-तत्वहरूमा गरिएको शुल्क निर्धारणले स्वयंसेवी रक्तदाताहरूको मनोबलमा प्रतिकूल असर पुगेको छ। रक्त व्यवस्थापनको क्षेत्र यस्तै अस्तव्यस्त बनाइराख्ने र स्वयंसेवी रक्तदाताहरूको रगतमा व्यापार गरिरहने हो भने स्वयंसेवी रक्तदातारूद्वारा भोलिका दिनमा आफैँले ‘च्यारपटी रक्त सञ्चार सेवा केन्द्र’ सञ्चालनमा ल्याउन बाध्य हुनुपर्ने अवस्था नआउला भन्न सकिन्न। साथै उपचारका क्रममा चिकित्सकहरूले सही रोगको पहिचान गरी आवश्यक मात्रामा रगत वा रक्त-तत्वहरू कुन आवश्यक हो प्राथमिकताको आधारमा माग हुनसकेमा रक्त व्यवस्थापनमा सहज र सरलता आउनमा मद्दत मिल्न जानेछ। स्वयंसेवी रक्तदाताहरूले दानमा प्रदान गरिएको रगत र रगतबाट तयार पारिएका रक्त-तत्वहरू पीडित बिरामीसमक्ष गुणस्तरीय परीक्षणपश्चात् निःशुल्क जबसम्म उपलब्ध एवं वितरण गरिँदैन तबसम्म यो व्यापार नै हुनेछ। आम स्वयंसेवी रक्तदातालाई उत्साहित गराउनुका साथै प्रभावकारी रक्त व्यवस्थापन गर्न सबैले ऐक्यबद्धता जनाउन सकिएमा यस दिवसको सार्थकता हुनेछ। (लेखक कर्माचार्य नेपाल स्वयंसेवी रक्तदाता समाज अध्यक्ष हुनुहुन्छ)

# संसद्मा आएका सुझाव समेटेर बजेट परिमार्जन हुनुपर्छ : सांसद यादव



काठमाण्डु । सांसद रामकृष्ण यादवले सदनमा विनियोजन विधेयकमाथिको छलफलका क्रममा उठेका सुझावलाई समेटेर बजेट परिमार्जन गरिनुपर्ने बताउनुभएको छ।

प्रतिनिधिसभाको सोमबारको बैठकमा विनियोजन विधेयक, २०८० अन्तर्गत सञ्चार तथा सूचना प्रविधि, परराष्ट्र र ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका विनियोजन शीर्षकमाथिको छलफलमा भाग लिँदै उहाँले संसद्मा आएको सुझावलाई ग्रहण गरी सरकारले बजेटलाई परिमार्जन गर्नुपर्ने बताउनुभयो।

"जेठ १५ गते बजेट पेस भयो, हामी बजेटमाथि छलफल गरिरहेका छौँ, सांसदले उठाएका विषय बजेटमा समेटिँदैनन् भन्ने कुरा आइरहेको छ", उहाँले भन्नुभयो, "बजेट परिमार्जन गर्न नहुने तर वर्षभरि रकमान्तर एवं करका दर हेरफेर गर्ने विसङ्गत अभ्यासलाई अब परिवर्तन गर्नुपर्छ।"

सरकारको नीति तथा कार्यक्रम एवं बजेट तर्जुमाको कार्यतालिका परिवर्तन गरेर जानुपर्नेमा उहाँले जोड दिनुभयो।

"माघको अन्तिम साता सरकारको नीति तथा कार्यक्रम ल्याउने, फागुनको तेस्रो साता त्यसलाई परिमार्जनसहित पारित गर्ने, परिमार्जित नीति कार्यक्रमको जगमा उभिएर चैतको दोस्रो साता आगामी आवको बजेट ल्याएर पर्याप्त छलफल गरी जेठ मसान्तसम्म पारित गर्ने व्यवस्था मिलाउनुपर्छ", सांसद यादवले भन्नुभयो। उहाँले बजेट विनियोजन गर्दा आवश्यकता र औचित्यका आधारमा प्राथमिकता दिनुपर्नेमा जोड दिनुभयो।

आगामी आवको बजेटमा आवश्यकता भएको ठाउँमा बजेट नै नराखिएको उहाँको दाबी छ। रासस

# प्रधानमन्त्रीद्वारा बाढी प्रभावित क्षेत्रको निरीक्षण



काठमाण्डु । बाढीपहिरो प्रभावित क्षेत्रको स्थलगत निरीक्षणका लागि प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको उच्चस्तरीय टोली पूर्वी नेपाल प्रस्थान गरेको छ।

प्रधानमन्त्री प्रचण्ड नेपाली सेनाको हेलिकोप्टरमार्फत पूर्वी पहाडी जिल्लाको बाढीपहिरो प्रभावित क्षेत्रको निरीक्षणमा निस्कनुभएको उहाँका स्वकीय सचिव रमेश मल्लले जानकारी दिनुभयो।

उहाँका साथमा उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठ, भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वाला र सहरी विकासमन्त्री सीता गुरुङ हुनुहुन्छ। प्रभावित क्षेत्रका जनप्रतिनिधि योगेश भट्टराई, वसन्त नेम्वाङ, दीपक खड्का र कोशी प्रदेशसभा सदस्य राजेन्द्र कार्की सहभागी हुनुहुन्छ।

साथमा नेपाली सेनाका प्रधानसेनापति प्रभुराम शर्मा, गृह मन्त्रालयका विपत् हेर्ने प्राविधिक इन्जिनियर र प्रधानमन्त्री कार्यालयका विपत् हेर्ने अधिकृत पनि साथमा हुनुहुन्छ। प्रधानमनत्री प्रचण्डको निर्देशनमा प्रभावित क्षेत्रमा नेपाली सेनाको हेलिकोप्टरमार्फत उद्धारको काम जारी छ। बाढी र पहिरोमा फसेकालाई उद्धार गरिएको छ।

आजैमात्र भौतिक पूर्वाधार मन्त्रालयले केन्द्रीय सडक सञ्जालबाट विच्छेद भएको पाँचथर र ताप्लेजुङलाई जोड्न बेलिब्रिजको सामान प्रभावित क्षेत्रमा पठाइसकेको उहाँले जानकारी दिनुभयो।

**'विपद् जोखिम न्यूनीकरणको पूर्वतयारी गरौँ'**

सांसदहरुले विपद् थाहा दिएर नआउँदै भन्दै जोखिम न्यूनीकरणका लागि पूर्वतयारीलाई प्रभावकारी बनाउन सरकारको ध्यानाकर्षण गराउनुभएको छ। प्रतिनिधिसभाको आजको बैठकको शून्य समयमा सांसदहरुले जोखियमुक्त बस्ती पहिचान गरेर सुरक्षित स्थानमा स्थानान्तरण गरिनुपर्ने बताउनुभयो।

उहाँहरुले प्रकोपबाट हुने क्षतिको न्यूनीकरणका लागि प्रभावकारी कार्ययोजना निर्माण तथा प्रकोपमा परेको व्यक्तिको उद्धार, राहत र क्षतिग्रस्त संरचनाको पुनःनिर्माणको योजना बनाउन सरकारको ध्यानाकर्षण गराउनुभयो।

सांसद राजेन्द्र केसीले प्रकोपबाट प्रभावितको उद्धार, राहत र पुनःनिर्माणको कार्ययोजना ल्याउनुपर्ने बताउनुभयो। "समय हुँदा सुत्ने, भोलि अप्ठ्यारो पर्दा काम गर्नुपर्ने हुँदा अहिले नै सोच्नुपर्छ, यसतर्फ सरकारको ध्यान जाओस्", उहाँले भन्नुभयो।

सांसद भानुभक्त जोशीले सुदूरपश्चिमको पहाडी जिल्ला बझाङमा प्राकृतिक प्रकोपका हिसाबले धेरै जोखिमयुक्त भूभाग रहेको जनाउँदै जोखिममा रहेका बस्तीलाई सुरक्षित स्थानमा स्थानान्तरणमा सरकारको ध्यानाकर्षण गराउनुभयो। "जयपृथ्वी नगरपालिकाकाको भोपुर, रुइनाबगड, सत्यवादी विद्यालय, बित्थडचिर गाउँपालिकाको डाँडागाउँलगायत ठाउँमा अहिले पनि बस्ती जोखिममा छ। सुर्मा गाउँपालिकाको देवल र काँडामा पनि बस्ती जोखिममा छन्, जोखिम न्यूनीकरणका लागि सरकारले समयमै ध्यान देओस्", उहाँले भन्नुभयो।

सांसद मनबहादुर गुरुङले कास्कीको मादी र सेती नदीको जलाधार क्षेत्र तथा हिमतालमा अनुगमन गर्ने, पूर्वसूचना दिने र पूर्वसतर्कता अपनाउने काम तत्काल गर्न सरकार ध्यानाकर्षण गराउनुभयो। उहाँले भन्नुभयो, "वर्षा सुरु भइसक्यो, विपद् सोधेर आउँदैन, थाहा दिएर आउँदैन, हिजो राति मात्र ताप्लेजुङ, सङ्खुवासभालगायत पूर्वी पहाडी क्षेत्रमा मात्रै ठूलो विपदका घटना भएका छन्, आगामी दिनमा विगतका जस्तै विपद्का घटना पुनरावृत्ति हुने सम्भावना प्रबल छ, यतातर्फ सरकारले ध्यान दिनुपर्छ।"

सांसद मनिष झाले पहाडका जिल्लाका नागरिकमा प्राकृतिक प्रकोपमा परेर मरिन्छ कि भन्ने त्रास देखिएको भन्दै असुरक्षित स्थानमा रहेका बस्ती पहिचान गरेर स्थानान्तरण गरिनुपर्ने बताउनुभयो। प्रकोप परेका व्यक्ति प्राथमिक उपचार नपाएर मृत्युवरण गर्नुपरेको यथार्थ सुनाउँदै उहाँले प्रकोप पूर्वतयारीलाई प्रभावकारी बनाउन सरकारको ध्यानाकर्षण गराउनुभयो। "बाढीपहिरोका कारण आज पहाड जोखिममा छ, भोलि बाढीबाट तराई मधेस जोखिममा हुन्छ, तर हामीले विपद् न्यूनीकरण, उद्धार तथा राहत वितरणका सम्बन्धमा सरकारको तयारी थाहा पाएका छैनौँ", उहाँले भन्नुभयो।

सांसद मानवीर राईले पूर्वी नेपालमा बाढी पहिरोले धनजनको क्षति पुर्‍याइरहेका सन्दर्भमा सरकारले सदनलाई जानकारी गराउनुपर्ने बताउनुभयो। प्राकृतिक प्रकोपमा परेका नागरिकलाई तत्काल राहत दिन सरकारसँग माग गर्नुभयो। सांसद विमला सुवेदीले काठमाडौँ उपत्यकाको फोहर बिसर्जनस्थल बञ्चरेडाँडामा मापदण्डविपरीत फोहर फाल्ने गरिएकाले सो क्षेत्र आसपासका बस्तीमा विभिन्न रोगको प्रकोप बढेको भन्दै सरकारको ध्यानाकर्षण गराउनुभयो।

सांसद भीमप्रसाद आचार्यले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गतका एक सय ७७ मध्ये सुनसरीमा धान, तरकारी, माछा, बङ्गुर र अदुवा जोन रहेकामा पछिल्लो समय किसानले ठूलो मात्रामा मकैखेती गर्न लागेकाले मकै जोन क्षेत्र पनि छुट्याउनुपर्ने बताउनुभयो। सांसद महेशकुमार बर्तौलाले संविधानले प्रत्येक नागरिकलाई स्वास्थ्य सेवाको अधिकार सुनिश्चित गरेको उल्लेख गर्दै स्वास्थ्य सेवामा समान पहुँचको व्यवस्था कहिले हुन्छ भनी सरकारसँग प्रश्न गर्नुभयो।

सांसद मेटमणि चौधरीले किसानका समस्या समस्या समाधान गर्दै किसानका उत्पादनको बजारीकरणको सुनिश्चिता गरिनुपर्ने बताउनुभयो। सांसद मेनकाकुमारी पोखरेलले त्रिविका उपप्राध्यापकमाथि कुटपिट गर्ने व्यक्तिको मुद्दा फिर्ता लिएको विषयमा सरकारको ध्यानाकर्षण गराउनुभयो।

सांसद मैना कार्कीले सडक दुर्घटना न्यूनीकरण गर्न प्रभावकारी योजना सञ्चालन गर्न सरकारको ध्यानाकृष्ट गराउनुभयो। सांसद मङ्गलप्रसाद गुप्ताले उखु किसानका समस्या अझै समाधान नभएको भन्दै तत्काल किसानको समस्या समाधान गर्न माग गर्नुभयो। सांसद रघुजी पन्तले विश्वविद्यालयका प्राध्यापक तथा पदाधिकारीमाथि विभिन्न राजनीतिक दलसँग आबद्ध विद्यार्थी सङ्गठनबाट नै कुटपिट र दुर्व्यवहारका घटना बढिरहेको भन्दै त्यस्ता घटना रोक्न सरकारसँग माग गर्नुभयो।

सांसद सुनिता बरालले समय माग गरी त्रिभुवन विश्वविद्यालयका उपप्राध्यापक प्रेम चलाउनेमाथि कुटपिट गर्ने व्यक्तिविरुद्धको मुद्दा सरकारले फिर्ता गर्न लागेको जनाउँदै विश्वविद्यालयमा पठनपाठनको वातावरण बनाउन सरकारको ध्यानाकर्षण गराउनुभयो।

सांसद मीना तामाङ, मुक्ताकुमारी यादव, मञ्जु शर्मा अन्सारी, रणेन्द्र बराइली, रञ्जुकुमारी झा, रामकुमार यादव, रुपा शोसी चौधरी, रोशन कार्की, रेखा यादव, लालप्रसाद साँवा लिम्बू, लीलानाथ श्रेष्ठ लगायतले समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराउनुभयो।

**उद्धार, राहत र पुनःस्थापना उच्च प्राथमिकतामा छ : प्रधानमन्त्री दाहाल**

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले बाढीपहिरो प्रभावितको तत्काल उद्धार, राहत र पुनःस्थापनालाई सरकारले उच्च प्राथमिकतामा राखेको बताउनुभएको छ।

बाढीपहिरो प्रभावित क्षेत्रको स्थलगत निरीक्षण गर्ने क्रममा आज सङ्खुवासभा आइपुग्नुभएका प्रधानमन्त्री दाहालले युद्धस्तरमै प्रभावित नागरिकको व्यवस्थापनको काम भइरहेको बताउनुभयो। तुम्लिङटार विमानस्थलमा सञ्चारकर्मीसँग सङ्क्षिप्त कुरा गर्दै उहाँले बाढीपहिरोमा परी बेपत्ता भएकाको खोजी, प्रभावितको उद्धार र स्थानान्तरणका लागि मातहतका निकायले काम थालिसकेको बताउनुभयो।

प्रधानमन्त्री दाहालले बाढीपहिरो प्रभावित र विस्थापितलाई पुनःस्थापना गर्ने, घरबारविहीनको तत्काल स्थानान्तरण र आवासको व्यवस्था मिलाइने बताउनुभयो। बाढीले बगाएका पक्की पुलमा तत्कालै 'बेलिब्रिज' राखेर आवतजावतलाई सहज बनाइने उहाँको भनाइ छ।

बाढीपहिरो प्रभावित क्षेत्र अनुगमन गर्न प्रधानमन्त्री दाहाल, उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठ, भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वाला र सहरी विकासमन्त्री सीता गुरुङ हेलिकप्टरमार्फत सङ्खुवासभा आउनुभएको हो। यस्तै सांसद दीपक खड्का, योगेशकुमार भट्टराई, वसन्त नेम्वाङ र कोशी प्रदेशसभा सदस्य राजेन्द्र कार्की पनि बाढी प्रभावित क्षेत्रमा पुग्नुभएको छ।

शनिबार राति वर्षासँगै आएको बाढीले बगाउँदा जिल्लाका विभिन्न स्थानका २१ जना बेपत्ता र एक जनाको मृत्यु भएको छ। बाढीमा परी चैनपुर नगरपालिका-४ मा निर्माणाधीन सुपर हेवा जलविद्युत् आयोजनाका १७ मजदुर बेपत्ता भएका छन्। उनीहरुको खोजीकार्य जारी रहेको प्रहरीले जनाएको छ। रासस

# बजेट कम हुँदा कार्यान्वयनमा समस्या : मन्त्री ज्वाला

काठमाण्डु। भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले आगामी आर्थिक वर्षको बजेट कार्यान्वयनमा कठिनाइ हुने बताउनुभएको छ। पूर्वाधार विकास समितिको सोमबार बसेको बैठकमा मन्त्री ज्वालाले मन्त्रालय अन्तर्गत बिनियोजित बजेट कम भएको भन्दै सञ्चालनमा रहेका आयोजना सम्पन्न गर्न पनि समस्या हुने देखिएको बताउनुभयो। "निरन्तर सञ्चालन हुँदै आएका आयोजनासमेत कम बजेट विनियोजन भएको छ", उहाँले भन्नुभयो, "बजेट घटेर आएकाले कार्यान्वयनमा धेरै समस्या हुने देखिएको छ।" उहाँले वैदेशिक सहायतामा अघि बढेका आयोजनामा धेरै बजेट विनियोजन गरिएको र आवश्यक आयोजनामा पर्याप्त बजेट विनियोजन गरिएको गुनासो गर्नुभयो।

उहाँले भन्नुभयो, "खर्च नहुने ठाँउमा बजेट धेरै र दायित्व सिर्जना भएको ठाँउमा बजट कम बिनियोजन भयो।"

उहाँले विभिन्न आयोजनामा रु पाँच लाख मात्रै बजेट विनियोजन हुनु बाध्यता र विवशता भएको टिप्पणी गर्नुभयो। मन्त्री ज्वालाले तराई-मधेस द्रुतमार्ग विसं २०८३ भित्र सम्पन्न हुनेमा विश्वास व्यक्त गर्दै आगामी आवमा कार्यतालिका बनाएरै अघि बढ्ने योजना प्रस्तुत गर्नुभयो।छलफलमासमितिसदस्यहरुले विनियोजित बजेट संशोधनको प्रस्ताव गर्नुभयो। उहाँहरुले बजेट सन्तुलित ढङ्गले विनियोजन नभएको भन्दै सच्याउनुपर्नेमा जोड दिनुभयो।

समिति सदस्य वसन्तकुमार नेम्वाङले बजेट विनियोजनको विधेयक संशोधन गर्नुपर्ने राय प्रस्तुत गर्नुभयो। उहाँले भन्नुभयो, "बजेट कटौती भएको छ। सबैको चित्त बुझाएको छैन, यो विधेयक संशोधनका लागि किन प्रस्ताव नगर्ने ?"सदस्य चन्द्रकान्त राउतले सिद्धान्तअनुसार बजेट विनियोजन नभएको भन्दै संशोधनको आवश्यकता औल्याउनुभयो। सदस्य प्रदीप पौडेलले पनि बजेट बाँडफाँटको सिद्धान्तअनुसार विनियोजनमा एकरुपता नदेखिएको बताउनुभयो।

"बजेटमा नयाँ आयोजना नआए पनि पुरानै आयोजना कसरी सम्पन्न गर्ने भन्नेमा बजेट केन्द्रित हुनुपर्दथ्यो", उहाँले भन्नुभयो, "रु पाँच लाखका दरले छरिएर बजेट बिनियोजन गर्नुभन्दा आवश्यक आयोजनामा एकमुष्टरुपमा बजेट हालौँ।"

समिति सदस्य बीना लामाले बजेट सच्याउनुपर्ने राय व्यक्त गर्नुभयो। उहाँले आवश्यकता अनुसार सीमित आयोजना छनोट गरी पर्याप्त बजेट छुट्याउनुपर्ने बताउनुभयो। सदस्य उर्मिला माझीले आगामी आवका लागि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा विनियोजित बजेट कनिका छरेजस्तो भएको बताउनुभयो।

"बजेट कनिका छरेजस्तो गरी विनियोजन भएको छ। लमजुङ जिल्लामा एक दर्जन पुलका लागि रु दुईदेखि पाँच लाख पनि बजेट विनियोजन गरिएको छ।"

समिति सदस्य निर्मला कोइरालाले पर्सामा पूर्वाधार निर्माणका लागि बजेट नपरेको बताउनुभयो।

समिति सदस्य कल्पना चौधरी, दीपकबहादुर सिंह, प्रतिमा गौतम, मैना कार्की, प्रेमबहादुर महर्जन र ऐनबहादुर शाही ठकुरीले आगामी आवको बजेट विनियोजनलाई थप संशोधन गर्न प्रस्ताव गर्नुपर्नेमा जोड दिनुभएको थियो। सदस्यहरुले वर्षातको समयमा सडक निर्माण र मर्मत सम्भारको नाममा बजेट सक्ने मात्र काम गर्ने प्रवृति रोक्नु सुझाव दिनुभयो। उहाँहरुले वर्षौंदेखि सम्पन्न हुन नसकेका आयोजनाका निर्माण व्यवसायीलाई कारबाहीको दायरामा ल्याउनसमेत मन्त्रालयको ध्याआकर्षण गराउनुभयो।

बैठकमा मन्त्रालयका सचिव केशवकुमार शर्माले मन्त्रालयसँग सम्बन्धित विगत पछिल्लो पाँच आर्थिक वर्षको विनियोजित बजेट र खर्च विवरणबारे प्रस्तुतीकरण गर्नुभएको थियो। रासस

# योगलाई जीवनको अभिन्न अङ्ग र वैज्ञानिक अभ्यासका रूपमा अनुशरण गर्नुपर्छ : उपप्रधानमन्त्री श्रेष्ठ

काठमाण्डु । उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले योग अभ्यासलाई जीवनको अभिन्न अङ्ग र वैज्ञानिक अभ्यासका रुपमा अनुशरण गर्नुपर्ने बताउनुभएको छ।

नवौँ अन्तर्राष्ट्रिय योग दिवसका अवसरमा प्रहरी प्रधान कार्यालयमा आज आयोजित एक दिवसीय योग विज्ञान शिविरमा उहाँले हाम्रा प्राचीन चिन्तक, दार्शनशात्री र योगीले योग अभ्यासलाई जीवनको अभिन्न अङ्गकारूपमा लिँदै आएकाले यसलाई नयाँ पुस्ताले पनि अनुशरण गर्नुपर्नेमा जोड दिनुभएको हो।

"योग अभ्यासलाई जीवनको अभिन्न अङ्ग र वैज्ञानिक अभ्यासका रूपमा अनुशरण गरे व्यक्ति स्वस्थ र स्वच्छ हुनाका साथै समाजलाई पनि अगाडि बढाउन महत्वपूर्ण योगदान पुग्छ", उपप्रधानमन्त्री श्रेष्ठले भन्नुभयो, ''योग अभ्यास एवं ध्यानले शरीरिक एवं मानसिकरूपले स्वस्थ, जागरूक, सन्तुलित भइ आफूलाई रूपान्तरण गर्न सहयोग पुग्छ।"




सरकारको नीति तथा कार्यक्रममा पनि योग र ध्यानलाई संस्थागतरूपमा नै अगाडि बनाउन प्रोत्साहित गर्न आफूले पहल गर्ने प्रतिबद्धता व्यक्त गर्दै उहाँले गृहमन्त्रालयमार्फत नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, प्रशासनिक क्षेत्र एवं कारागारमा समेतमा योग शिविर सञ्चालन गर्नुपर्ने आवश्यकता औँल्यउनुभयो।

कार्यक्रममा प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवरले शिविरका माध्यमबाट योगको महत्व र योगाभ्यासका बारेमा सकल दर्जामाझ सचेतना अभिवृद्धि गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गर्नुभयो।

एकैदिनमा योगसम्बन्धी सम्पूर्ण जानकारी हासिल गर्न सम्भव नहुने बताउँदै उहाँले योगको सही उपयोगबाट लाभ लिन यसलाई निरन्तरता दिनुपर्ने आवश्यकता औँल्याउनुभयो।

कार्यक्रममा उपप्रधानमन्त्री एवं गृहमन्त्री श्रेष्ठले पतञ्जली योग समिति नेपालका मुख्य केन्द्रीय प्रभारी लवदेव मिश्र, युवा केन्द्रीय संयोजक लोकनाथ खनाल र सहकेन्द्रीय प्रभारी अर्चना घिमिरेलाई प्रशंसापत्र प्रदान गर्नुभएको थियो।

संयुक्त राष्ट्रसङ्घको आह्वानमा सन् २०१५ देखि हरेक वर्ष जुन २१ लाई अन्तरर्ष्ट्रिय योग दिवसका रूपमा विश्वभर मनाउन थालिएपछि यस वर्ष पतञ्जली योग समिति नेपालको तत्वावधान र नेपाल प्रहरीको आयोजनामा उक्त शिविर सञ्चालन गरिएको प्रहरी प्रधान कार्यालयले जनाएको छ । रासस

# स्वास्थ्यमन्त्री बस्नेत र बेलायती राजदूत पोलिटबीच भेट

काठमाण्डु। स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री मोहनबहादुर बस्नेत र नेपालका लागि बेलायती राजदूत निकोला पोलिटबीच बिदाई भेट भएको छ।

सोमबार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमा भएको बिदाई भेटमा मन्त्री बस्नेत र पोलिटको भेटमा दुई देशबीच स्वास्थ्य क्षेत्रमा भएका सहकार्य र सहयोगकाबारे छलफल भएको थियो। मन्त्री बस्नेतले स्वास्थ्य क्षेत्रमा बेलायत सरकारले गर्दै आएको सहयोगलाई कसरी निरन्तरता दिने भन्ने विषयमा छलफल भएको बताउनुभयो।

उहाँले नेपालबाट नर्सिङ जनशक्ति बेलायत लैजाने विषयमा पनि छलफल भएको जानकारी दिनुभयो। "राजदूत छिट्टै बेलायत फर्किँदै हुनहुन्छ। यही क्रममा भएको भेटमा मुख्य तीन विषयमा छलफल गर्‍यौं", मन्त्री बस्नेतले भन्नुभयो, "बेलायतमा नर्सिङ जनशक्ति कसरी व्यवस्थित र सुरक्षितरुपमा पठाउने, देशभित्र गोर्खा बिर्टिस सेनाको स्वास्थ्य उपचारको व्यवस्था र स्वास्थ्य क्षेत्रमा नयाँ कार्यक्रम सञ्चालनका विषयबारे छलफल भयो।" रासस

# सामाजिक सुरक्षाको दायित्व बढ्दा पुँजीगत खर्च कम भयो : अर्थमन्त्री डा महत



विराटनगर । अर्थमन्त्री डा प्रकाशशरण महतले सामाजिक सुरक्षाको दायित्व बढेका कारण पुँजीगत शीर्षकको बजेट कम बिनियोजन भएको बताउनुभएको छ।

सोमबार मोरङ व्यापार सङ्घको ६६औँ वार्षिक साधारणसभाको उद्घाटन गर्दै अर्थमन्त्री महतले सामाजिक सुरक्षासँगै सार्वजनिक ऋणको साँवाब्याजको दायित्व बढेकाले पुँजीगत शीर्षकमा कम बजेट बिनियोजन भएको बताउनुभयो। उहाँले अर्थतन्त्र चलायमान बनाउन पुँजीगत खर्च बढाउनुपर्ने बताउनुभयो।

सरकारले आगामी आर्थिक वर्षका लागि पुँजीगत शीर्षकमा कुल बजेटको १७ दशमलव २५ प्रतिशत बिनियोजन गरेको छ।

अर्थमन्त्री डा महतले मौद्रिक नीति र अर्थ नीतिमा सरकारले सुधार गर्दै जाने बताउनुभयो। उहाँले आगामी आवको बजेट कसैको दबाब र प्रभावमा नपरी बनाएकाले जनतामुखी भएको समेत दाबी गर्नुभयो । उहाँले विराटनगरको चक्रपथ निर्माणमा सरकारले ध्यान दिने भन्दै उद्योग, व्यापार एवं व्यवसाय प्रवर्द्धनमा सरकारको साथ रहने प्रतिबद्धता व्यक्त गर्नुभयो।

सो अवसरमा पूर्वरक्षामन्त्री डा मीनेन्द्र रिजालले कुनै समयमा पहिलो नम्बरमा रहेको विराटनगर सहरमा उद्योग र व्यापार फस्टाउन नसक्दा पछि परेको बताउनुभयो। उहाँले बिराटनगर र यस आसपासका क्षेत्रको विकासका लागि बिराटनगरको विमानस्थललाई अन्तर्राष्ट्रिय स्तरको बनाउनु आवश्यक रहेको भनाइ व्यक्त गर्नुभयो । विराटनगर महानगरपालिकाका प्रमुख नागेश कोइरालाले महानगरका लागि सरकारले यथोचित बजेट विनियोजन गर्नुपर्ने माग गर्नुभयो।

सो अवसरमा मोरङ व्यापार सङ्घका अध्यक्ष नवीन रिजाल, नेपाल उद्योग वाणिज्य महासङ्घका पूर्वअध्यक्ष चण्डिराज ढकाल, महासङ्घका वरिष्ठ उपाध्यक्ष अञ्जन श्रेष्ठ, उद्योगीहरु भीम घिमिरे, शङ्कर अग्रवाल, नन्दकिशोर राठी र प्रकाश मुन्दडाले आफ्ना भनाइ राख्नुभएको थियो। रासस

# ब्लिन्केनको भ्रमणपछि अमेरिका र चीनबीच सम्बन्ध सुधार, उच्चस्तरीय वार्ता पुनः सुरु गर्ने प्रतिबद्धता

**एपी**

वासिंगटन । संयुक्त राज्य अमेरिका र चीनले जुन १९ मा चिनियाँ राष्ट्रपति सी जिनपिङसँगको भेटमा अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनको बेइजिङको महत्वपूर्ण भ्रमणको क्रममा आफ्नो टुटेको सम्बन्धलाई स्थिर बनाउने वाचा गरेका छन् । यो हेर्न बाँकी छ कि दुई देशहरूले आफ्नो सबैभन्दा महत्वपूर्ण असहमतिहरू समाधान गर्न सक्छन्, जसमध्ये धेरैमा अन्तर्राष्ट्रिय वित्तीय, सुरक्षा र स्थिरता प्रभावहरू छन् ।

वार्ताको इच्छा बाहेक, व्यापारदेखि लिएर ताइवान, चीन र हङकङमा मानवअधिकारको अवस्था, दक्षिण चीन सागरमा चिनियाँ सैन्य दृढता, रुसको सीमासम्मका मुद्दाहरूमा कठोर अडानबाट झुक्न तयार भएको थोरै सङ्केत थियो ।

ब्लिन्केनसँगको भेटमा राष्ट्रपति सीले दुई शीर्ष चिनियाँ कूटनीतिज्ञहरूसँग ब्लिन्केनको अघिल्लो बैठकको नतिजाबाट आफूलाई सन्तुष्ट भएको घोषणा गर्नुभयो र आफू र राष्ट्रपति जो बाइडेनले सहमतिको कार्यक्रमलाई पुनः सुरु गर्न दुवै देश सहमत भएको बताउनुभयो । गत वर्ष बालीमा भेट भएको थियो ।

"चिनियाँ पक्षले हाम्रो अडान स्पष्ट गरेको छ, र राष्ट्रपति बिडेन र म बालीमा पुगेका साझा समझदारीलाई पालना गर्न दुवै पक्ष सहमत भएका छन्," सीले भने ।

त्यो एजेन्डा हालका महिनाहरूमा खतरामा परेको थियो, विशेष गरी फेब्रुअरीमा अमेरिकाले आफ्नो हवाई क्षेत्रमा चिनियाँ निगरानी बेलुन खसालेपछि, र ताइवान स्ट्रेट र दक्षिण चीन सागरमा बढेको सैन्य गतिविधिको बीचमा मानवअधिकार, व्यापार र अफिम उत्पादनको विवादसँगै समस्या क्षेत्रहरूको सूची डरलाग्दो छ ।

तर सीले सुझाव दिए कि सबैभन्दा खराब समाप्त हुन सक्छ। "दुई पक्षले प्रगति पनि गरेका छन् र केही विशेष मुद्दाहरूमा सहमतिमा पुगेका छन्," उनले विस्तृत नगरी भने, राज्य विभागले जारी गरेको टिप्पणीको ट्रान्सक्रिप्ट अनुसार । "मलाई आशा छ कि यस भ्रमण मार्फत चीन-अमेरिका स्थिरतामा थप सकारात्मक योगदान दिनुहुनेछ " श्री सीले थपे ।

ग्रेट हल अफ द पिपुलमा ३५ मिनेटको सत्रमा राष्ट्रपति सीलाई दिएको



आफ्नो टिप्पणीमा, जुन सुरु हुनुभन्दा एक घण्टा अघिसम्म घोषणा गरिएको थिएन, ब्लिन्केनले भने, "हाम्रो सम्बन्धलाई व्यवस्थित गर्ने दायित्व र जिम्मेवारी संयुक्त राज्य अमेरिका र चीनको छ। ।"

"संयुक्त राज्य अमेरिका त्यसो गर्न प्रतिबद्ध छ," ब्लिन्केनले भने "यो संयुक्त राज्यको हितमा, चीनको हितमा र विश्वको हितमा छ।" उनले वरिष्ठ चिनियाँ अधिकारीहरूसँगको आफ्नो यसअघिको वार्तालाई 'निरपेक्ष र रचनात्मक' भनेका छन् ।

चीनमा आफ्नो उपस्थितिको बावजुद, ब्लिन्केन र अन्य अमेरिकी अधिकारीहरूले ग्रहका दुई ठूला अर्थतन्त्रहरूले सामना गरिरहेका सबैभन्दा कष्टकर मुद्दाहरूमा कुनै पनि महत्वपूर्ण सफलताको सम्भावनालाई कम गरेका थिए । बरु, यी अधिकारीहरूले दुई देशले राम्रो सञ्चार लाइनहरू स्थापना र कायम राख्नको महत्वलाई जोड दिएका छन् ।

ब्लिन्केन राष्ट्रपति जो बाइडेनले पदभार ग्रहण गरेपछि चीन भ्रमण गर्ने उच्च तहका अमेरिकी अधिकारी हुन् र पाँच वर्षमा यो भ्रमण गर्ने पहिलो विदेश सचिव हुन् । उनको भ्रमणले आगामी महिनाहरूमा सी र बाइडेन बीचको बैठक सहित वरिष्ठ अमेरिकी र चिनियाँ अधिकारीहरूको भ्रमणको नयाँ चरणको सुरुवात गर्ने अपेक्षा गरिएको छ ।

ब्लिन्केनले यसअघि चीनका शीर्ष कूटनीतिज्ञ वाङ यीसँग करिब तीन घण्टा भेट गरेका थिए, अमेरिकी अधिकारीका अनुसार । चीनको विदेश मन्त्रालयले एक विज्ञप्तिमा लेखेको छ कि ब्लिन्केनको भ्रमण "चीन-अमेरिका सम्बन्धको एक महत्वपूर्ण मोडमा मेल खान्छ, र यो वार्ता वा टकराव, सहयोग वा द्वन्द्व बीचको छनौट गर्न आवश्यक छ" र "अमेरिकी पक्षलाई दोष दियो। चीनप्रतिको गलत धारणा, चीनप्रतिको गलत नीतिको कारण सम्बन्धमा वर्तमान "निम्न बिन्दु" को लागि ।

यसले "चीन-अमेरिकाको घुमाउरो गिरावटलाई रोक्नको लागि अमेरिकाको जिम्मेवारी रहेको बताएको छ। सम्बन्धलाई स्वस्थ र स्थिर ट्र्याकमा पुऱ्याउन "अमेरिकाले 'चीन खतरा सिद्धान्त' को प्रचार गर्न बन्द गर्न, चीन विरुद्धको अवैध एकपक्षीय प्रतिबन्धहरू हटाउन, चीनको प्राविधिक विकासको दमन त्याग्न र यसबाट टाढा रहन माग गरेको थियो। चीनको आन्तरिक मामिलामा स्वेच्छाचारी हस्तक्षेप।"

राज्य विभागले भन्यो कि ब्लिन्केनले "प्रतिस्पर्धा द्वन्द्वमा नपर्ने कुरा सुनिश्चित गर्न संचारको खुला च्यानलहरू मार्फत संयुक्त राज्य अमेरिका र जनवादी गणतन्त्र चीन बीच प्रतिस्पर्धालाई जिम्मेवारीपूर्वक व्यवस्थापन गर्ने महत्त्वलाई जोड दिए।"

जुन १८ मा पहिलो चरणको वार्तामा ब्लिन्केनले चिनियाँ विदेश मन्त्री किन ग्याङसँग करिब ५ घण्टा भेटे, त्यसपछि दुवै देशले उच्चस्तरीय वार्ता जारी राख्न सहमत भएको बताए। यद्यपि, त्यहाँ कुनै संकेत थिएन कि तिनीहरू बीचको कुनै पनि विवादास्पद मुद्दाहरू समाधानको नजिक थियो ।

अमेरिका र चीन दुवैले किनले ब्लिन्केनको वासिङ्टन भ्रमणको निमन्त्रणा स्वीकार गरेको बताए तर बेइजिङले स्पष्ट पारेको छ कि "चीन-अमेरिका सम्बन्ध स्थापना यताकै न्यून बिन्दुमा छ ।" त्यो भावना अमेरिकी अधिकारीहरूले व्यापक रूपमा साझा गरेका छन् ।

ब्लिन्केनको भ्रमण उनको चीन भ्रमणको प्रारम्भिक योजना फेब्रुअरीमा स्थगित भएको थियो जब चिनियाँ नेताले अमेरिकामा एक चिनियाँ निगरानी बेलुनलाई गोली हानेपछि चिनियाँ नेताले वरिष्ठमा सञ्चार पुर्नस्थापना र कायम राख्ने प्रयासलाई ठूलो धक्का दिने थियो।

राष्ट्रपति वाइडेनले सप्ताहन्तमा भने कि उनले आउँदो महिनाहरूमा सीसँग भेट्न सक्षम हुने आशा राखेका थिए जसले उनीहरूलाई विभाजित गर्ने भिन्नताहरूको प्रशस्तता लिन सक्छ । जुन १८ मा आफ्नो बैठकहरूमा, ब्लिन्केनले चिनियाँहरूलाई थुनामा राखिएका अमेरिकी नागरिकहरूलाई रिहा गर्न र संयुक्त राज्यमा ओपियोइड संकटलाई बढावा दिने फेन्टानिल पूर्ववर्तीहरूको उत्पादन र निर्यातलाई रोक्न कदम चाल्न दबाब दिनुभयो ।

सीले जुन १६ मा माइक्रोसफ्ट कर्पोरेशनका सह-संस्थापक बिल गेट्ससँगको भेटमा संयुक्त राज्य अमेरिका र चीनले "हाम्रा दुई देशलाई फाइदा पुऱ्याउन" सहयोग गर्न सक्ने भन्दै तनाव कम गर्ने सम्भावित इच्छाको संकेत दिएका थिए ।

फेब्रुअरीमा ब्लिन्केनको यात्रा रद्द भएदेखि, त्यहाँ केही उच्च-स्तरीय संलग्नताहरू छन् । सीआईए प्रमुख विलियम बर्न्सले मेमा चीनको भ्रमण गरे, जबकि चीनका वाणिज्य मन्त्रीले अमेरिकाको यात्रा गरे र बाइडेनका राष्ट्रिय सुरक्षा सल्लाहकार जेक सुलिभानले मेमा चिनियाँ विदेश नीति सल्लाहकार वाङ यीसँग भियनामा भेट गरे ।

तर ती दुवै देशहरूबाट ताइवान जलडमरू, इन्डो-प्यासिफिकमा उनीहरूको फराकिलो आशय, युक्रेन विरुद्धको युद्धको लागि रुसको निन्दा गर्न अस्वीकार गर्ने र बेइजिङले आफ्नो शक्ति बढाउने प्रयास गरिरहेको वाशिंगटनको अमेरिकी आरोपहरूबाट विराम लगाइएको छ ।

यस महिनाको सुरुमा, चीनका रक्षा मन्त्रीले सिंगापुरमा सुरक्षा गोष्ठीको छेउमा बैठकको लागि अमेरिकी रक्षा सचिव लोयड अस्टिनको अनुरोधलाई अस्वीकार गरे, यो निरन्तर असन्तुष्टिको संकेत हो ।

# नेपालमै पहिलो पटक आइस स्केटिङ खेलको सुरुआत

काठमाण्डु । विश्वमै लोकप्रिय खेलका रुपमा रहेको 'रियल आइस स्केटिङ' नेपालमा पनि सुरुआत गरिएको छ । काठमाण्डु भद्रकालीस्थित फनल्यान्ड इन्टरटेन्मेन्ट प्रालिले खेलको सुरुआत गरेको हो ।

बालबालिकादेखि प्रौढसम्मका सबैले खेल्न मिल्ने यो खेलबाट मनोरञ्जन साथै शारीरिक र मानसिक पनि राम्रो मानिन्छ । कम्पनीका सञ्चालन प्रबन्धक शालिकराम खत्रीका अनुसार खेलमा रुचि राख्ने र यसैलाई करिअर बनाउन चाहनेले पनि यसलाई प्रयोग गर्न सक्ने बताउनुभयो ।

"यसै खेलमा करिअर बनाउन चाहेका लागि प्रशिक्षणका लागि पनि यसलाई प्रयोग गर्न सकिन्छ", उहाँले भन्नुभयो, "अन्तर्राष्ट्रिय गेम आइस हक्कीका लागि पनि यहाँ तालिम गर्न सकिन्छ ।"

कम्पनीले खेलका लागि प्रत्येक शनिबार र आइतबार तथा बिदाका दिन टिकटको मूल्य रु आठ सय तोकिएको छ भने अन्य दिनमा भने रु पाँच सय तोकिएको छ । एउटा टिकटबाट ४० मिनेटसम्म खेल खेल्न पाइन्छ । खेल खेल्ने क्रममा कम्पनीले हेल्मेट, जुत्ता, घुँडामा लगाइने गार्ड समेत उपलब्ध गराउँछ ।

खेलमा प्रयोग हुने उपकरण गुणस्तरीय र सुरक्षित रहनुका साथै प्रशिक्षणका लागि जनशक्ति पनि तयार रहेको उहाँको भनाइ छ । फनल्यान्डमा आइस स्केटिङका साथै जुम्पिङ, निन्जा ट्रेनिङ, रक क्लाम्बिङ, बुल राइडलगायत भिडियो खेलहरुमा डान्स, बाइक, कार रेस, भिआर-थ्रिडी गेम, बास्केटबल, एअर हक्की, ग्राभिटीको सुविधा समेत उपलब्ध गराइएको छ । रासस

# एसियाली खेलकुदका लागि १२ उसु खेलाडी छनोट

**टुडे समाचारदाता**

काठमाण्डु । चीनको होङझाउमा हुने १९ औं एसियाली खेलकुदअन्तर्गत उसुको अन्तिम खेलाडी छनोट प्रतियोगिता सोमबार सम्पन्न भएको छ।

थाउलोमा ७ र सान्सौंमा ५ गरी जम्मा १२ खेलाडी छनोट भएको उसुका मुख्य प्रशिक्षक अम्बरकुमार थिङले जनाएका छन्। दुई खेलाडी बाहेक सबै विभागीय टोलीका हुन्।



थाउलोतर्फ छाङ छ्वानको पुरुषमा नेपाल आर्मीका विजय सिन्जाली तथा महिलामा आर्मीकै सुस्मिता तामाङ छनोट भए। नान् छ्वान अलराउन्डको पुरुषमा कर्णाली प्रदेशका दीपक हमाल तथा महिलामा बागमतीकी निमा घर्ती मगर छनिए। थाइची छ्वान अलराउन्डको पुरुषमा आर्मीका पासाङ शेर्पा तथा महिलामा आर्मीकै सविता राई छनोट भए।

महिला चेन सु/छियाङ सुमा एपीएफकी कविता थापा छनोट हुन सफल भइन् ।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद्को सेमी कभर्डहलमाभएकोप्रतियोगिताको सान्सौंतर्फ पुरुष ५६ केजीमा एपीएफका रोहित चुनारा, ६० केजीमा एपीएफकै मंगलप्रसाद थारु, ६५ केजीमा नेपाल प्रहरीका समन घुम्री र ७० केजीमा आर्मीका पदम राईले अन्तिम छनोटमा सफलता पाए । महिला ५२ केजीमा आर्मीकी एलिना चौधरी सफल भइन् ।

# कतार र युएईबीच पुनः कूटनीतिक सम्बन्ध स्थापना



**सिन्ह्वा**

दोहा । कतार र संयुक्त अरब इमिरेट्स (युएई) ले आफ्नो कूटनीतिक प्रतिनिधित्व पुनःस्थापित गर्ने घोषणा गरेका छन् । कतारको अबुधाबीस्थित दूतावास र दुबईस्थित माहावाणिज्य दूतावास र युएईको दोहास्थित दूतावास सोमबारदेखि खुल्ने छन् ।

कतार न्यूज एजेन्सीका अनुसार दुवै पक्षले यो महत्वपूर्ण कदमले दुवै देशका नेतृत्वको दृढतालाई प्रतिबिम्बित गर्नुका साथै संयुक्त अरब पहलको प्रगतिमा योगदान पुऱ्याउँदै दुई अरब मुलुकको भ्रातृ आकाङ्क्षा पूरा गर्न योगदान पुऱ्याउने कुरामा जोड दिएका छन् ।

सन् २०१७ को जुनमा आतङ्कवादलाई सहयोग पुऱ्याएको र क्षेत्रीयस्तरमा अस्तिरता निम्त्याएको भन्दै साउदी अरब, युएई, बहराइन र इजिप्टले कतारसँगको कूटनीतिक सम्बन्ध तोड्ने घोषणा गरेका थिए । कतारले भने यी आरोपको खण्डन गर्दै आएको थियो ।

यद्यपि, सन् २०२१ मा साउदी अरबलगायतका खाडी मुलुकले अल-उलामा भएको ४१औँ खाडी सहकार्य परिषद् शिखर सम्मेलनका क्रममा कतारसँग कूटनीतिक सम्बन्ध पुनः स्थापनाको घोषणा गरेका थिए ।

तर, कतिपय विषयमा सहमति जुट्न नसक्दा यी देश र कतारबीच पूर्ण सामान्यीकरणको प्रक्रियामा ढिलाइ भएको छ ।

# भारतमा अत्यधिक गर्मीका कारण करिब १०० जनाको मृत्यु

**सिन्ह्वा**

नयाँ दिल्ली । भारतको उत्तर प्रदेश र त्यससँग जोडिएको राज्य बिहारमा पछिल्लो तीन दिनमा भीषण गर्मीका कारण मृत्यु हुनेको सङ्ख्या ९८ पुगेको स्थानीय अधिकारीले सोमबार बताएका छन् ।

गर्मीका कारण उत्तर प्रदेशमा ५४ जनाको मृत्यु भएको छ भने बिहारमा ४४ जनाको मृत्यु भएको छ । अधिकारीहरुका अनुसार गर्मीका कारण बिरामी परी मृत्यु भएका अधिकांश व्यक्ति ६० वर्षभन्दा माथिका रहेका बताइएको छ ।

भारतीय मौसम विज्ञान विभाग (आईएमडी) को तथ्याङ्कअनुसार शुक्रबार र शनिबार देशका केही भागमा अधिकतम तापक्रम ४२.२ डिग्री सेल्सियस पुगेको थियो । यो सामान्यभन्दा ४.७ डिग्री सेल्सियस बढी हो ।

उत्तर प्रदेशको सबैभन्दा बढी प्रभावित जिल्ला बलिया हो । बलियाका प्रमुख स्वास्थ्य अधिकारीलाई उद्धृत गर्दै स्थानीय सञ्चारमाध्यमले लेखेका छन्, "सबै व्यक्ति केही न केही रोगबाट पीडित थिए र अत्यधिक गर्मीका कारण उनीहरुको अवस्था बिग्रिएको थियो ।

बिहीबार २३, शुक्रबार २० र शनिबार ११ जनाको मृत्यु भएको थियो ।"

यसबाहेक बलियाको एक जिल्ला अस्पतालमा पछिल्लो तीन दिनमा कम्तीमा ४०० जनालाई भर्ना गरिएको उहाँले बताउनुभयो । गर्मीका कारण ज्वरो आउने, सास फेर्न गाह्रो हुने र अन्य स्वास्थ्य समस्या देखिएको बिरामीले गुनासो गरेका थिए ।

जिल्ला प्रशासनका अनुसार बिरामी र कर्मचारीलाई गर्मीको जोखिम हुन नदिन सरकारी अस्पतालमा पङ्खा, एयरकुलर र एयर कन्डिसनरको व्यवस्था गरिएको छ । बिरामीको चापका कारण अस्पतालमा चिकित्सक र प्यारामेडिकल स्टाफको सङ्ख्या बढी रहेको छ ।

# साफअघि भारत इन्टरकन्टिनेन्टल कप च्याम्पियन




**टुडे समाचारदाता**

काठमाण्डु । दक्षिण एसियाको सबैभन्दा ठूलो फुटबल प्रतियोगिता साफ च्याम्पियनसिपअघि भारतले इन्टरकन्टिनेन्टल कप जितेको छ।

घरेलु भूमीमा आयोजित प्रतियोगिता जित्ने क्रममा भारतले आइतबार भएको फाइनलमा लेवनानलाई २-० गोलले पराजित गऱ्यो। भारतको जितमा सुनील क्षेत्रीले ४६ मिनेटमा पहिलो गोल गर्दा ६५ मिनेटमा लालियानजुउलाले अग्रता दोब्बर पारेका थिए । प्रतियोगितामा मंगोलिया र भानुआटुले पनि भाग लिएका थिए। लिग चरणमा भारतले लेवनानसँग गोलरहित बराबरी खेल्दा भानुआटुलाई १-० र मंगोलियालाई २-० गोलले हराएको थियो। भारतमा हुने साफ असार ६ देखि हुनेछ। भारतरहेको समूहमा नेपालसहित कुवेत र पाकिस्तान छन्।

# चीन र अमेरिकाबीच सहकार्य आवश्यक : चिनियाँ कूटनीतिज्ञ

**एएफपी**

बेइजिङ । बेइजिङका उच्च कूटनीतिज्ञ तथा विदेशमन्त्री वाङ यीले अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनसँगको कुराकानीमा दुई शक्तिशाली विश्व अर्थतन्त्रले सहकार्य गर्नु उत्तम विकल्प हुने बताउनुभएको छ । दुई मुलुकले 'सहकार्य गर्ने वा द्वन्द्व' भन्दा विश्व समुदायको चाहना अनुसार उनीहरूबीच कुटनीतिक मेल हुँदा विश्व समुदायलाई फाइदा हुन्छ ।

"वार्ता र मुठभेड, सहयोग वा द्वन्द्वमध्ये कुनै एक रोज्नु आवश्यक छ," चिनियाँ विदेशमन्त्री वाङ यीले ब्लिन्केनसँगको भेटमा भन्नुभयो ।

ब्लिन्केनले चिनियाँ कम्युनिष्ट पार्टीका वरिष्ठ नेता तथा विदेशमन्त्री वाङसँग तीन घण्टा कुराकानी गरेको अमेरिकी विदेश मन्त्रालयले जनाएको छ ।

हालैका वर्षहरूमा विश्वका दुई ठूला अर्थतन्त्रभएका मुलुकहरूबीच व्यापार, प्रविधिदेखि ताइवानसम्मका विषयमा तनाव बढेको छ ।

चीनको सरकारी प्रसारक सीसीटिभीका अनुसार वाङले ब्लिन्केनलाई ताइवानसँग सम्झौता गर्ने कुनै ठाउँ नभएको बताउनुभएको छ । सीसीटीभीले भनेको छ, "यस विषयमा चीनसँग सम्झौता गर्ने वा स्वीकार गर्ने ठाउँ छैन ।"

भेटमा वाङले आफ्ना अमेरिकी समकक्षी ब्लिङ्केनसँग एक चीन सिद्धान्त को वास्तविक पालना गर्नुपर्ने, चीनको सार्वभौमिकता र क्षेत्रीय अखण्डताको सम्मान गर्नुपर्ने र 'ताइवानको स्वतन्त्रता'को स्पष्ट विरोध गर्नुपर्ने बताउनुभएको सीसीटिभीले जनाएको छ ।

# पाकिस्तानको भाकर अदालतमा गोली चल्दा दुई जना घाइते

**एएनआई**

भाकर । पाकिस्तानको पञ्जाब प्रान्तको भाकर जिल्लामा सोमबार अदालतमा गोली चल्दा दुई जना घाइते भएका छन् ।

अधिकारीहरूका अनुसार न्यायाधीश भक्कर कलोरकोटको इजलासमा गोली चलेको थियो । मुद्दाको सुनुवाइका क्रममा प्रतिद्वन्द्वी समूहमा दुई जनाले गोली चलाएको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार दुई हतियारधारीलाई अदालतको हाताबाट नियन्त्रणमा लिइएको छ भने घाइतेहरूलाई अस्पताल पुर्याइएको एआरवाई न्युजले उल्लेख गरेको छ। पुरानो दुश्मनीका कारण सो घटना भएको प्रहरीको अनुमान छ । घटनाको अनुसन्धान भइरहेको छ ।

# ओकिनावामा अभ्यासका क्रममा समुद्रमा हराएका सबै गोताखोरको उद्धार

**सिन्ह्वा**

टोकियो । जापानको तटीय सुरक्षा बलले ओकिनावा प्रान्तको 'कोरल रीफ'को उत्तरतर्फको पानीमा बेपत्ता भएका सातै जना गोताखोरलाई सोमबार उद्धार गरिएको जनाएको छ ।

एघारौं क्षेत्रीय तटरक्षक मुख्यालयका अनुसार स्थानीय समयअनुसार अपराह्न तीन बजे हराइरहेका गोताखोरलाई वेपत्ता भएको दुई घण्टापछि उद्धार गरिएको हो । उनीहरूको खोजीका लागि हेलीकोप्टर तथा मोटरबाट चल्ने डुङ्गाको प्रयोग गरिएको थियो । उनीहरूलाई सकुशल उद्धार गरिएको छ ।

तटीय सुरक्षा अधिकारीका अनुसार बिहान ११:५० बजे एक गोताखोरप्रशिक्षकले ओकिनावाको मुख्य टापुको दक्षिणमा इटोमन सिटीनजिकै 'रुकान रीफ'बाट करिब ६०० मिटर उत्तरपूर्वको पानीमा डुबेर सात जना बेपत्ता भएको बताएका थिए ।

हराएका सात गोताखोरमध्ये पाँच जना गोताखोर यात्रामा सहभागी थिए भने अन्य दुई जना प्रशिक्षक थिए ।

ओकिनावा क्षेत्रीय प्रहरी मुख्यालयका अनुसार हेलिकप्टर र गस्ती डुङ्गाको खोजीपछि अपराह्न २:०० बजेतिर हराएका गोताखोरहरूमध्ये छ जना चट्टानबाट लगभग पाँच किलोमिटर दक्षिणपूर्वमा समुद्रमा फेला परेका थिए ।

उक्त घटनाको हेलिकप्टरबाट अपराह्न २:५५ बजे खिचिएको हवाई फुटेजमा एउटा गोताखोर चट्टानबाट करिब सात किलोमिटर दक्षिणपूर्वमा समुद्रमा तैरिरहेको उक्त समाचार जापानको सार्वजनिक प्रसारक एनएचके टेलिभिजनले अपराह्नको समाचारमा प्रसारण गरेको थियो ।

जापानी तटीय सुरक्षा बलको मुख्यालयका अनुसार बेपत्ता भएका सातै जना 'ड्रिफ्ट डाइभिङ' भनिने चट्टाननजिकै एक प्रकारको डाइभिङ गरिरहेका थिए, जुन डाइभिङको एक उन्नत रूप हो ।



फलफूल तथा तरकारी बजारमा तरकारी तथा फलफूल किन्दै सर्वसाधारण । *तस्बिर : रासस*

# नेपालमा खाद्य असुरक्षा बढ्यो : प्रतिवेदन

काठमाण्डु । अन्तर्राष्ट्रिय खाद्य नीति अनुसन्धान प्रतिष्ठानले नेपालमा खाद्य असुरक्षा र कुपोषण बढेको दाबी गरेको छ । सोमबार सार्वजनिक गरिएको प्रतिष्ठानको 'ग्लोबल फुड पोलिसी रिपोर्ट २०२३'ले सन् २०१७ देखि २०१९ को तुलनामा पछिल्ला वर्षमा नेपाल र दक्षिण एसिया क्षेत्रमासमेत कुपोषण र खाद्य असुरक्षा बढ्दै गएको देखाएको हो ।



एकीकृत विकास अध्ययन केन्द्र (आइआइडिएस), बहुपक्षीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बङ्गालको खाडीको प्रयास (विमस्टेक), दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) र भारतीय कृषि अनुसन्धान परिषद् (आइसीएआर)कोसहयोगमाअन्तर ाष्ट्रिय खाद्य नीति अनुसन्धान प्रतिष्ठान (आइएफपिआरआइ)ले तयार पारेको प्रतिवेदनको दक्षिण एसियाली संस्करणको आज काठमाडौँमा एक कार्यक्रमकाबीच उपप्रधानमन्त्री एवम् गृहमन्त्री नारायणकाजी श्रेष्ठले सार्वजनिक गर्नुभयो ।

प्रतिवेदनअनुसार सन् २०१९ देखि २०२१ सम्ममा दक्षिण एसियामा कुपोषणबाट ग्रसित मानिसको तथ्याङ्क अफगानिस्तानमा ३० प्रतिशत, बङ्गलादेशमा १२ प्रतिशत, भारतमा १६ प्रतिशत, नेपालमा छ प्रतिशत, पाकिस्तानमा १७ प्रतिशत र श्रीलङ्कामा चार प्रतिशत रहेको उल्लेख गरेको छ । त्यस्तै, गम्भीर खाद्य असुरक्षा भोगिरहेका मानिसको तथ्याङ्क हेर्दा अफगानिस्तानमा करिब २३, बङ्गलादेशमा करिब ११, नेपालमा करिब १३, पाकिस्तानमा करिब आठ र श्रीलङ्कामा करिब दुई प्रतिशत रहेको देखिन्छ ।

सन् २०१७ देखि १९ सम्ममा नेपालमा खाद्य असुरक्षा भोगिरहेको जनसङ्ख्या करिब १० प्रतिशत बराबर रहेको पनि प्रतिवेदनमा देखाइएको छ । प्रतिवेदनले दक्षिण एसियाको आर्थिक र सामाजिक अवस्थामा पछिल्लो दुई दशकयताकै खराब अवस्थामा पुग्दा सन् २०२२ मा यो क्षेत्रका चार करोड ८० लाखदेखि पाँच करोड ९० लाख मानिस गरिबीको रेखामुखी रहेको र गम्भीर खाद्य सङ्कटबाट गुज्रिरहेको उल्लेख छ । मुख्यगरी दक्षिण एसियाका अफगानिस्तान, पाकिस्तान र श्रीलङ्कामा चरम खाद्य सङ्कट देखिएको छ ।

कोभिड-१९ महामारी, रुस-युक्रेन युद्ध, विभिन्न प्राकृतिक प्रकोपको असर, ऊर्जा सङ्कट, पेट्रोलियम पदार्थ र रासायनिक मलको मूल्यवृद्धि, राजनीतिक अस्थिरतालगायत कारण दक्षिण एसियाली क्षेत्रमा खाद्य असुरक्षा बढेको पनि प्रतिवेदनमा उल्लेख गरिएको छ ।

खाद्य सामग्रीको चर्को मूल्यवृद्धि र अभावको अवस्था देखिएपछि सन् २०२२ मा अफगानिस्तान, बङ्गलादेश, भारत र पाकिस्तानले विभिन्न खाद्य वस्तुको निर्यातमा रोक लगाउने निर्णय गरेका थिए । जसमा चामल, गहुँ, चिनीलगायत खाद्यवस्तु थिए । प्रतिवेदनअनुसार सन् २०२२ सेप्टेम्बरमा खाद्य वस्तुको मूल्यवृद्धि श्रीलङ्कामा ६६ प्रतिशत, पाकिस्तानमा ३६ प्रतिशत र नेपाल, भारत तथा बङ्गलादेशमा आठ प्रतिशत थियो ।

जलवायु परिवर्तनको असरका कारण विश्वव्यापी रुपमा सन् १९६१ को तुलनामा अहिले कृषि क्षेत्रको उत्पादकत्वमा २१ प्रतिशतले कमी आएको पनि प्रतिवेदनमा उल्लेख छ । त्यस्तै, आपूर्ति शृङ्खला बिग्रनु, अव्यवस्थित बसाइँसराइलगायतका कारणलाई पनि खाद्य असुरक्षा बढ्नुका कारकका रुपमा देखाइएको छ ।

खाद्य असुरक्षा न्यूनीकरण र दिगो व्यवस्थापनका लागि गर्नुपर्ने पूर्वतयारी, यस्तो सङ्कटका कारण पहिचान र समाधानका लागि पनि प्रतिवेदनले सुझाव दिएको छ । पूर्वी र दक्षिण एसियाली मुलुकले क्षेत्रीय रुपमा सहकार्यमार्फत् खाद्य सङ्कटको सामना गर्नुपर्ने प्रतिवेदनमा उल्लेख छ । त्यस्तै, उत्तरदायी शासन व्यवस्था, प्रभावकारी सेवा प्रवाह र उपयुक्त नीतिमार्फत् खाद्य असुरक्षासँग लड्न सकिने सुझाव प्रतिवेदनले दिएको छ । रासस

# सिम्रिकलाई हेलिपोर्ट बनाउने अनुमति

**टुडे समाचारदाता**



काठमाण्डु । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले निजी क्षेत्रको हेलिकप्टर कम्पनी 'सिम्रिक एयर' लाई हेलिपोर्ट निर्माण तथा सञ्चालनको अनुमति दिएको छ।

पर्यटनमन्त्री सुदन किरातीले मन्त्रिस्तरीय निर्णय गर्दै सिम्रिकलाई हेलिपोर्ट निर्माणको अनुमति दिएका हुन्। निजी कम्पनीले हेलिप्याड निर्माण तथा सञ्चालन गर्दै आए पनि हालसम्म हेलिपोर्टको सबै काम सरकारले मात्र गर्दै आएको छ। हेलिपोर्टमा भन्सार, मर्मतसम्भार, इन्धन भण्डार लगायत हेलिकप्टरसँग सम्बन्धित सेवाहरू हुन्छन्। यहाँबाट हेलिकप्टर उडान, अवतरण तथा सञ्चालन गर्न दिइन्छ।

सरकारले मात्र निर्माण र सञ्चालन गर्दै आएको हेलिपोर्ट मन्त्री किरातीले निजी क्षेत्रलाई पनि चलाउने अनुमति दिएसँगै सरकारी निकायहरूबीच नै मतभेद सुरू भएको छ। नागरिक उड्डयन प्राधिकरणका अधिकारीहरूले हवाई सुरक्षा र नियमनका हिसाबले निजी क्षेत्रलाई हेलिपोर्ट निर्माण र सञ्चालन गर्न दिन नहुने बताएका छन्। पर्यटन मन्त्रालयका अधिकारीहरू भने हवाई पूर्वाधारमा निजी क्षेत्रलाई पनि जोड्नुपर्ने भनिरहेका छन्।

निजी क्षेत्रलाई हेलिपोर्ट बनाउने अनुमति किन दिइयो, सरकारबाहेक अरूले हेलिपोर्ट बनाउन पाउने हो कि होइन, हवाई सुरक्षामा के कसरी चुनौती बढाउँछ लगायत विषयमा हामीले सरोकारवालाहरूलाई सोधेका छौं।

पर्यटन मन्त्रालयले हेलिपोर्टको आवश्यकता भएको र निजी क्षेत्रलाई प्रवर्द्धन गर्ने उद्देश्यले यो निर्णय गरिएको बतायो। मन्त्रालयका अनुसार देशभर हाल १२ कम्पनीका ३० भन्दा बढी हेलिकप्टर सञ्चालनमा छन्। यिनका लागि निश्चित हेलिपोर्ट छैनन्। हाल त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल काठमाडौं, पोखरा, नेपालगन्ज लगायत विमानस्थलबाट मागअनुसार हेलिकप्टर चार्टर्ड उडान हुन्छ। यीमध्ये सबैजसोले काठमाडौं विमानस्थलबाटै उडान भर्छन्। यसो हुँदा हवाइ चाप बढेको र व्यवस्थापनका लागि हेलिपोर्ट आवश्यक रहेको मन्त्रालयका सहसचिव बुद्धिसागर लामिछानेले बताए।

'हामीसँग हेलिकप्टर पार्क गर्ने पर्याप्त ठाउँ छैन। यस्तो बेला निजी क्षेत्रले लगानी गर्छ भने किन नदिने?' सहसचिव लामिछानेले भने, 'निजी क्षेत्रलाई प्रवर्द्धन गर्दा सरकारलाई कहाँ हानि गर्छ? उसलाई हेलिपोर्ट बनाउन नदिने वा सरकारले मात्र बनाउने र सञ्चालन गर्ने भन्नेबारे कुनै ऐन/कानुन छैन। सबै कुरामा ऐन/कानुन नै चाहिन्छ भन्ने हुँदैन। कतिपय कुरा आवश्यकताले सिर्जना हुन्छ।'

आगामी दिनमा अरू हेलिकप्टर कम्पनीले पनि हेलिपोर्ट निर्माण गर्न चाहे मन्त्रालयले अनुमति दिने सचिव सुरेशकुमार अधिकारीले बताए। 'अहिले जथाभावी अव्यवस्थित तरिकाले हेलिप्याड बनिरहेका छन्। यसलाई व्यवस्थित बनाएर सञ्चालन गर्छु भनेपछि धेरै लामो छलफल गरेर सिम्रिकलाई अनुमति दिइएको हो,' सचिव अधिकारीले भने, 'हवाई सुरक्षालाई ध्यानमा राख्दै अरू कम्पनी पनि आउँछन् भने अनुमति दिइन्छ।'

उनका अनुसार मन्त्रालयले सैद्धान्तिक निर्णय गरे पनि प्राधिकरणले सबै पक्ष हेरेर कार्यान्वयनका लागि अनुमति दिनेछ। सिम्रिकलाई हेलिपोर्ट निर्माणका लागि सहजीकरण गर्न मन्त्रालयले प्राधिकरणलाई पत्र पठाउने तयारी गरेको छ। तर प्राधिकरणका अधिकारीहरू मन्त्रालयको यो निर्णयप्रति असन्तुष्ट छन्।

मन्त्रीले सस्तो लोकप्रियताका लागि बिनाअध्ययन यस्तो निर्णय गरेर हवाई सुरक्षामा चुनौती र जोखिम सिर्जना गरेको उनीहरूको भनाइ छ। 'हो निजी क्षेत्रबाट लगानी भित्रिनुपर्छ तर संरक्षित क्षेत्रमा मात्र हुनुपर्छ,' प्राधिकरणका एक अधिकारीले भने, 'जहाँ मन लाग्यो त्यहीँ पूर्वाधार थप्ने र यस्तो संवदेनशील काम सुरू गर्ने भयो भने सुरक्षामा को जिम्मेवार हुन्छ?'

उनका अनुसार हेलिपोर्ट बनाउँदा भूगोल, वातावरणीय प्रभाव, मौसम, सञ्चार सुविधा, एयर ट्राफिक, सुरक्षा, हवाई इन्धन लगायत कुरामा ध्यान दिनुपर्छ। सिम्रिकले बनेपामा हेलिपोर्ट निर्माण तथा सञ्चालनको आशयपत्र उपलब्ध गराउन भन्दै २०७९ माघ १३ गते पर्यटन मन्त्रालयमा निवेदन दिएको थियो। लगत्तै, २०७९ फागुन १९ गते यो मन्त्रालयले रक्षा र गृह मन्त्रालयलाई निजी हवाई कम्पनीबाट हेलिपोर्ट निर्माण सम्बन्धमा उपयुक्त राय/सुझाव उपलब्ध गराइदिन भन्दै पत्र पठायो। त्यसपछि २०८० वैशाख १० मा गृहबाट र १४ गते रक्षाबाट पर्यटन मन्त्रालयमा राय/सुझाव पुगेको थियो।

रक्षाले आफ्नो रायमा नेपाली सेना, प्रधान सेनापतिको कार्यालयले निजी कम्पनीबाट हेलिपोर्ट निर्माण तथा सञ्चालन गर्दा विभिन्न सरकारी तथा अन्य गैरकानुनी गतिविधिमाथि निगरानी/नियन्त्रण गर्ने काम चुनौतीपूर्ण हुने भएकाले उचित नहुने सुझाव दिएको उल्लेख गरेको थियो।

त्यस्तै सुरक्षा संवेदनशीलता बढ्न जाने र निजी कम्पनीबाट यस किसिमका महत्वपूर्ण र संवेदनशील हवाई भौतिक पूर्वाधार निर्माण गर्दा सतर्क हुनुपर्ने रक्षाले उल्लेख गरेको थियो। रक्षाले यस्ता अति संवेदनशील कामहरू नेपाल सरकार बाहेक अन्य निकायलाई गर्न दिनु सुरक्षाको दृष्टिकोणले उपयुक्त नहुने पनि बताएको थियो। भविष्यमा देशका अन्य संवेदनशील क्षेत्रमा समेत निजी कम्पनीबाट हेलिपोर्ट निर्माण तथा सञ्चालनको माग हुन सक्ने भएकाले सुरक्षा चुनौती बढ्ने पत्रमा उल्लेख छ।

यो सुझावका बाबजुद पर्यटनमन्त्री किरातीले जेठ २२ गते सिम्रिकलाई हेलिपोर्टका लागि सैद्धान्तिक सहमति दिए। सुरक्षा जोखिम हुन सक्ने भन्दाभन्दै यसरी अनुमति दिनु गम्भीर लापरबाही भएको प्राधिकरणका अधिकारीहरूको भनाइ छ। 'सबै एयरलाइन्स/हेलिकप्टर कम्पनीले मागेअनुसार जमिन बाँड्दै जाने हो भने नियमन कसले गर्ने? यस्तो हचुवाको निर्णय गर्दा ईयु (युरोपियन युनियन) को कालो सूचीबाट नेपाललाई हटाउन झनै समस्या हुनेछ,' प्राधिकरणका अधिकारीले भने, 'हवाई सुरक्षामा गम्भीर लापरबाही हुने देखिन्छ।'

यसरी निजी क्षेत्रलाई हेलिपोर्टको जिम्मेवारी दिँदा राज्यको लगानी डुब्ने र राजस्व गुम्ने प्राधिकरणका अर्का अधिकारीले बताए। हाल सरकारले भक्तपुरको नलिनचोकमा हेलिपोर्ट बनाइरहेको छ। प्राधिकरणका अनुसार उक्त हेलिपोर्टमा ३० वटाभन्दा बढी हेलिकप्टर पार्क गर्न मिल्छ। राज्यले करोडौं लगानी गरिरहेका बेला फेरि निजी क्षेत्रलाई यही कामका लागि अनुमति दिन नहुने ती अधिकारीले भने।

'यसरी नै हेलिपोर्ट बनाउन दिँदै जाने हो भने एकातिर लगानी खेर जान्छ, अर्कातिर हेलिपोर्टबाट उठ्ने अर्बौं रकम बराबरको राजस्व समेत गुम्छ,' उनले भने। प्राधिकरणका अनुसार त्रिभुवन विमानस्थलका हेलिकप्टरबाट मात्र वार्षिक साढे २ अर्ब रूपैयाँ बराबर राजस्व आम्दानी हुन्छ। त्यस्तै हवाई पूर्वाधारजस्तो संवेदनशील कुरामा तालुकदार निकायले नियामक निकायसँग समन्वय नगरेको पनि उनीहरू बताउँछन्।

'हवाई तथा उड्डयन सुरक्षामा गम्भीर असर पर्ने कुरामा ध्यान नदिई, समन्वय नगरी, आफ्नै हिसाबले यसरी निजी क्षेत्रलाई दिनु हुँदैन थियो,' प्राधिकरणका ती अधिकारीले भने। सिम्रिकले काभ्रे जिल्लाको बनेपा नगरपालिका वडा नं. १४ राउत गाउँको माथिल्लो भाग इटापु डाडाँमा हेलिपोर्ट निर्माण तथा सञ्चालनको लागि अनुमति पाएको हो। सिम्रिकका सञ्चालक क्याप्टेन रामेश्वर थापाका अनुसार इटापु डाँडामा बन्ने हेलिपोर्टमा आधा दर्जन हेलिकप्टर राख्न मिल्नेछ। सिम्रिकले आफ्नासँगै अन्य कम्पनीका हेलिकप्टरसमेत पार्किङ गर्ने गरी हेलिपोर्ट बनाउने उनले बताए।

'हेलिकप्टर पार्किङ, मर्मत सम्भारका लागि ह्यांगर र आवश्यकता पर्दा तालिमसम्म दिने मिल्ने गरी हेलिपोर्ट बनाउन सहमति भएको हो,' उनले भने, 'त्रिभुवन विमानस्थलको बढ्दो हवाई चापई व्यवस्थापन गर्न हामीले छुट्टै हेलिपोर्ट बनाउन खोजेका हौं।'

# सामान्य अङ्कले घट्यो नेप्से

काठमाण्डु । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक सोमबार सामान्य अङ्कले घटेको छ । सोमबार नेप्से परिसूचक दुई दशमलव ९४ अङ्कले घटेर दुई हजार ९१ दशमलव ३९ अङ्कमा कायम भएको हो ।



सोमबार विभिन्न दुई सय ७६ वटा कम्पनीका एक करोड २९ लाख ७५ हजार एक सय ६८ कित्ता शेयर ६९ हजार एक सय ६८ पटक खरिदबिक्री हुँदा रू चार अर्ब ७४ करोड छ लाख आठ हजार आठ सय ८० बराबरको कारोबार भएको छ । सोमबार विकास बैंक, वित्त, लगानी, म्युचुअल फन्ड र अन्य समूहको उपसूचक बढेको छ भने बाँकी सबै समूहको उपसूचक घटेको छ । विकास बैंक एक सय ३१ दशमलव ३७, वित्त समूह ८९ दशमलव ९०, लगानी समूह दुई दशमलव २३, म्युचुअल फन्ड शून्य दशमलव ४६ र अन्य समूह ३३ दशमलव १३ अङ्कले बढेको छ ।

निर्जीवन बीमा समूह दुई सय ७७ दशमलव २५ र जीवन बीमा समूह एक सय ९३ दशमलव ८० अङ्कले घटेको छ । त्यस्तै, बैंकिङ आठ दशमलव ३२, होटल तथा पर्यटन ८१ दशमलव ८६, जलविद्युत् १९ दशमलव ८०, उत्पादन तथा प्रशोधन ५२ दशमलव ५४, लघुवित्त २९ दशमलव १३ र व्यापार समूह १२ दशमलव ०८ अङ्कले घटेको छ ।

सोमबारको कारोबारमा सेन्ट्रल फाइनान्स कम्पनी लिमिटेड, लक्ष्मी इक्विटी फन्ड, माउन्टेन इनर्जी नेपाल लिमिटेड, बिपिडब्ल्यू लघुवित्त वित्तीय संस्था लिमिटेड र मेन्छियम हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ ।

कारोबार रकमका आधारमा सोमबार सबैभन्दा धैरै शिवम् सिमेन्ट लिमिटेडको रू २९ करोड ८२ लाख १३ हजार पाँच सय ७४ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर सङ्ख्याका आधारमा सोमबार सबैभन्दा धैरै हाइड्रोइलेक्ट्रिसिटी इन्भेस्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी लिमिटेड प्रमोटर शेयर ११ लाख ३५ हजार सात सय ९८ कित्ता किनबेच भएको छ । रासस

# दुग्ध किसानलाई अनुदान

झापा । झापाको मेचीनगर-१२ धाइजनमा रहेको रीतिका डेरी उद्योगले दूध उत्पादन गर्दै आएका झापा र इलामका किसानलाई रू ४७ लाख १८ हजार अनुदान रकम वितरण गरेको छ । दूध उत्पादन गरी डेरीलाई बिक्री गर्दै आएका किसानलाई व्यावसायिक बनाउन प्रोत्साहित गर्ने उद्देश्यले प्रतिलिटर रू चारका दरले तीन हजार छ सय घरधुरीलाई छ महिनालागि अनुदान वितरण गरिएको उद्योगका सञ्चालक राजन चिमरियाले जानकारी दिनुभयो ।

उहाँका अनुसार कोशी प्रदेश सरकारअन्तर्गत कृषि तथा पशुपक्षी विकास मन्त्रालयले किसानका लागि प्रति लिटर रू दुई अनुदान उपलब्ध गराएकामा उद्योगका तर्फबाट रू दुई थप गरी प्रतिलिटर रू चार अनुदान वितरण गरिएको छ ।

उद्योगले चालु आर्थिक वर्ष २०७९/८० को साउनदेखि पुससम्मको अवधिमा ग्रामीण किसान, सहकारी संस्था, चिस्यान केन्द्र, गाईफार्म र दुग्ध उत्पादन समूहबाट २४ लाख लिटर दूध सङ्कलन गरेको जनाएको छ । "चालु आवको साउनदेखि पुससम्मका लागि अनुदान वितरण गरेका छौं," चिमरियाले भन्नुभयो, "जेठ महिनाको दूध सङ्कलन अभिलेख अद्यावधिककार्य सकिनासाथ यसै महिनामा थप छ महिनाको अनुदानसमेत किसानको हातमा पुऱ्याउँछौं ।" दैनिक ३० हजार लिटरसम्म दूध सङ्कलन गर्दै आएको रीतिका डेरी उद्योगले झापा र इलामका किसानबाट दुध खरिद गर्दछ । सङ्कलित दूधलाई अत्याधुनिक प्रविधिमार्फत प्रशोधन गरी झापा, इलाम, सुनसरी, मोरङलगायत कोशी प्रदेशका विभिन्न जिल्लामा बिक्री वितरण गर्दै आएको छ । मेचीनगर नगरपालिकाका नगरप्रमुख गोपाल बुढाथोकीले किसानले उत्पादन गर्ने दूधको आधारमा अनुदान दिँदा वास्तविक किसान लाभान्वित भएको बताउनुभयो । उहाँले किसानको हितमा कुनै कार्यक्रम नआएको बेला गोठगोठमै पुगेर साना किसानलाई अनुदान वितरण गर्नु उदाहरणीय कार्य भएको बताउनुभयो ।

दुग्ध उत्पादनमा क्रियाशील किसानलाई व्यवसायी बनाउँदै थप उत्पादनका लागि प्रोत्साहनस्वरुप कोशी प्रदेश सरकारले चालु आवमा किसानका लागि अनुदानकार्यक्रम ल्याएको हो । प्रदेश सरकारले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र झापामार्फत दूध उत्पादक किसानको विवरण प्रमाणित गरेपछि अनुदान रकम निकासा गरिएको पशु सेवा विज्ञ केन्द्र झापाकी प्रमुख शीतल भट्टराईले जानकारी दिनुभयो । उहाँका अनुसार जिल्लामा धैरै डेरी उद्योग सञ्चालनमा भए पनि रीतिका डेरी उद्योगले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र झापा र कोशी प्रदेश सरकारसँग समन्वय गरेर किसानलाई अनुदान वितरण गर्ने कार्यक्रम सञ्चालन गरेको हो ।रासस

## भुमिसुधार तथा मालपोत कार्यालय धनुषाबाट प्रकाशित हकदाबी सम्बन्धि ३५ दिने सार्वजनिक सूचना

जिल्ला धनुषा.गा.वि.स. एकराही वार्ड नं २ हाल विदेह नगरपालिका वार्ड नं ६ मा बस्ने कारी झाको नाती बावु झाको छोरा सर्जु कान्त झाको मृत्यु मिति २०२७ साल अगावै आफ्नो काल गतिले मृत्यु भएको हुदा निज मृतकको नाउँमा दर्ता कायम रहेको जग्गाको हक भोग खाने व्यहोर्ने निज मृतकको सबभन्दा नजिकको हकदार अंशियार निज मृतकको पत्नी कुमदिन झाको पनि आफ्नो कालगतिले मृत्युभै हकखाने निज दम्पती बाट छोराछोरीको जाय जन्म नभई निज निसन्तान रहेकोले एकमात्र सवगोलको भाई देवकान्त झा रहेकोमा निजको पनि मृत्यु भई एक मात्र पत्नी कामेश्वरी देवी झा रहेकोमा निजको पनि आफ्नो कालगतिले मृत्युभई हकखाने दुई छोरा जेठा छोरा दानीकान्त झा र कान्छा विमलचन्द्र झा मात्र दुई जना रहेकोमा मृत्क ज.ध.को सबभन्दा नजिको हकखाने हकदार हामी भतिजा नाता पर्ने रहेकोमा तपसिलमा उल्लेखित जग्गा हामीहरुको नाममा संयुक्त नामसारी गरी पाउँ भनी माग निवेदन भएको र सोही अनुसार को विदेह नगरपालिका ६ नं वडा कार्यालय को च.नं.७८१ मिति २०८०/०२/११ गतेको वडा मुचुल्का सहितको सिफारिस भै आएको र सोही अनुसार को सनाखत भएको ।

यसमा जग्गा धनी मृत्यु पश्चात हकखाने यी निवेदक वाहेक अन्य कोही हकखाने हकदार भएको भए वा कोही कसैलाई कुनै किसिमको असर फरक पर्ने वा यी निवेदकहरु को नाउँमा जग्गा नामसारी हुन नपर्ने कुनै कारण भए, यो सूचना प्रकाशित भएको मितिले ३५ पैतिस दिन भित्र आफुसँग भएको सवुत प्रमाण लिई दावी उजुरी गर्न यस कार्यालयमा आउनु होला म्याद भित्र दावी उजुरी नपरी म्याद समाप्त भए पछी कानून बमोजिम मु.दे.स.२०७४ को परिछेद ११ को दाफा २३९(१) बमोजिम भई जाने व्यहोरा सबैमा यसै सूचना ,द्वारा सुचित गरिएको छ ।

**तपसिल**

| जिल्ला | गा.वि.स | वार्ड | सिट नं. | कि.नं. | क्षे.फ. | कैफियत |
|---|---|---|---|---|---|---|
| धनुषा | गिद्धा | १ | १ ग | १५८ | ०-५-१४-० | |

# आरोपिलाई पुर्पक्षमा पठाउन माग

टुडे समाचारदाता

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिका-९ थापा चोकको २२ वर्षीया आरती कुमारी साह मृत्यु प्रकरणमा बहस जारी छ । दुई दिनदेखि जिल्ला अदालत धनुषामा दुबै तर्फका वकिलले बहस गरिरहेका छन् ।



मृतक आरतीका बुबा विनोद प्रसाद साहले दिएको कर्तव्य ज्यान मुद्दामा सरकारी वकिल कार्यालयले आरोपित आरतीका श्रीमान मोतीलाल साह र ससुरा मदन साहलाई पुर्पक्षमा पठाउन आदेशको माग गरेका छन्, भने प्रतिवादीतर्फका वकिलले आरोपिलाई साधारण तारिखमा राख्न माग गर्दै आएका छन् ।

सोमबार न्यायाधीश रामप्रसाद न्यौपानेको इजलासमा बहस भएको थियो। सरकारी वकिलको तर्फबाट सुदिप दंगाल, जाहेरवालाको वकिल वरिष्ठ अधिवक्ता चन्द्र शर्मा मैनाली ,अधिवक्ता ईन्द्र प्रसाद अर्याल, रिंकु कुमारी यादव र राधा कुमारीले बहस गरेका थिए । प्रतिवादीको तर्फबाट वरिष्ठ अधिवक्ता विनोद कुमार शर्मा, सुदिप कोईराला, दीपक बहादुर केसी र मदन पाण्डेले बहस गरेका थिए।

न्यायाधीशले वादीतर्फको जिकिर सुनिसकेका छन् भने प्रतिवादीतर्फको पनि दुई वटा वकिलको तर्क सुनेका छन् । समय अभावले अन्य वकिललाई सुन्न सकेनन् । तर, मंगलबार दुबै तर्फको वकिलको जिकिर सुनेर न्यायाधीशले आदेश जारी गर्ने बताइएको छ। यो आदेशपछि न्यायाधीशले अन्य प्रमाणको लागि आदेश गरी सुनुवाइ गर्नेछन् ।

गत जेठ ७ गते आरतीको ससुरा पक्षले हत्या गरेको माइती पक्षको आरोप छ । आरतीको मृत्यु शंकास्पद देखिएको माइतीले सुरुदेखि गुनासो गर्दै आएका छन् ।

असार १ गते झण्डै एक महिनापछि मुद्दा दर्ता भएको छ । अहिले उनको परिवार न्यायको माग गर्दै काठमाण्डुमा प्रदर्शन गर्दै आएका छन् । आरतीको विवाह दुई वर्ष अगाडि मोतीबाबुसंग भएको थियो।

# चार हजार मुद्दा फछ्र्यौट

टुडे समाचारदाता

कलैया । जिल्ला अदालत बारामा मुद्दाको चाप अधिक हुँदा न्याय सम्पादनमा समस्या भएको छ ।




सात जना न्यायाधीशको दरबन्दी रहेको जिल्ला अदालत बारामा हाल ६ जना न्यायाधीश कार्यरत छन् । जसले हालसम्म ४ हजार ९९ मुद्दा फछ्र्यौट गरिसकेका छन् ।

एक आर्थिक वर्षमा प्रति न्यायाधीश ५ सय मुद्दाको फैसला गर्नुपर्ने सामान्य नियम छ । तर मुद्दाको चाप अधिक हुँदा जेठ मसान्तसम्म एक नम्बर न्यायाधीश पूर्णेश्वरप्रसाद उपाध्यायले मात्रै करीब ९ सय मुद्दाको फैसला गरिसकेका छन् ।

'न्यायाधीशलाई मुद्दाको लोड हुँदा त्यसको प्रत्यक्ष असर न्याय सम्पादनमा पर्दछ, म्याद थप हुँदा राम्रोसँग हेर्न पाउँदैनन्, बयान, बकपत्र सबै कर्मचारीको भरमा हुन्छ, न्यायाधीश स्वयम्ले हेर्नुपर्ने कतिपय कुराहरू कर्मचारीको भरमा छोड्नुपर्दा त्यसले मुद्दामा प्रत्यक्ष प्रभाव पर्छ' जिल्ला अदालत बाराका श्रेस्तेदार नवराज जोशीले भने 'न्यायाधीशको प्रत्यक्ष नियन्त्रणमा हुनुपर्ने विषयहरू कर्मचारीको भरमा छोड्नुपर्दा त्यसले न्याय सम्पादनको गुणस्तरमा कमी हुनसक्छ ।'

बारा जिल्ला अदालतमा गत वर्षको ४ हजार ५३६ मुद्दा फैसला हुन बाँकी रहेकोमा चालु आवमा ३ हजार ९१९ मुद्दा दर्ता भएको छ। जसमध्ये जेठ मसान्तसम्म ४ हजार ९९ मुद्दा फैसला भइसकेको छ भने अझै ४ हजार ३ सय ५६ मुद्दा को फैसला हुन बाँकी रहेको श्रेस्तेदार जोशीले बताए ।

अदालतमा कार्यरत ६ जना न्यायाधीश मध्ये मुकेश उपाध्यायले ६१३, प्रकाश राउत ८३५, दिलीराज पन्त ६९२, सुदर्शन लामिछाने ६१३, र मंसिरमा आएका न्यायाधीश तारादेवी महर्जनले पनि ४१५ वटा मुद्दाको फैसला गरेकी छन् ।

'मुद्दाको चाप अधिक हुँदा हामी कर्मचारीहरू सधैँ साँझ साढे ६, ७ बजेसम्म काम गर्छौं' जोशीले भने । जिल्ला अदालत बारामा सामान्य घर झगडा, अंश, जग्गा किचलो देखि कर्तव्य ज्यान मुद्दा, करणीका मुद्दाहरू अधिक आउने गर्दछन् ।

# स्थानीयद्वारा खोला खन्न रोक

टुडे समाचारदाता

जनकपुरधाम । पूर्वपश्चिम राजमार्ग अन्तर्गत धनुषाको चारनाथ खोलामा भइरहेको ग्राभेल उत्खननमा स्थानीयवासीले रोक लगाएका छन् ।



खोलामा पानीको बहाव बनाउने बहानामा खोलाबाट खनिएको ग्राभेल अन्यत्र लगेको पाएपछि स्थानीयले रोक लगाएका हुन् ।

सोमबार बिहान कमला नदी अवैध उत्खननविरुद्धका संघर्ष समितिका संयोजक बाली शर्मासहितका पदाधिकारी र गणेशमान चारनाथ नगरपालिका श्रीराम टोलका सयौं जनाले खोला पुगेर तत्काल खोला खन्न रोक लगाएको बताइएको छ । उनीहरु खोलामा पुगेपछि खोलामा रहेका टिपरको भागाभाग भएको थियो ।

खोलामा २० देखि २५ फिट चौडाइ तथा १५ देखि २० फिट गहिराइसम्म ग्राभेल खनिएको स्थानीयवासीको भनाइ छ । खनिएको ग्राभेल खोला क्षेत्रमै राख्नुपर्नेमा टिपरमा लोड गरेर अन्यत्र ओसारिएको दाबी उनीहरुको छ ।

सरकारी साधन स्रोतमा अवैध उत्खनन भइरहेको बताउँदै उनीहरुले गणेशमान चारनाथ नगरपालिकाका मेयर जितनारायण यादव र उपमेयर तुलसा पाण्डेको मिलेमतोमा यी कार्य भइरहेको आरोपसमेत लगाए ।

गणेशमान चारनाथ नगरपालिकाका मेयर यादवले जिल्ला विपद् व्यवस्थापन समितिको निर्देशन अनुसार चारनाथ पुलेदेखि झण्डै डेढ किलो मिटर दक्षिणसम्म खोलामा पानीको बहाव बनाउन खोला खनिएको बताए। नगरपालिकाको साधन स्रोतमा खोलाको दुई भागमा पानीको बहान बनाउने कार्य भइरहेको बताउँदै उनले एक चम्चा बालुवासमेत खोलाभन्दा बाहिर नगएको दाबी गरे ।

सस्तो लोकप्रियता कमाउन विपक्षी दलका कार्यकर्ताले झूठो हल्ला फैलाएको मेयर यादवको भनाइ छ । उनले भने, पुल वरिपरि तथा खोलामा गिट्टी बालुवा थुप्रिएर खोलाको सतह माथि उठेको छ । वर्षा तथा बाढीको समयमा पुल जोखिममा पर्ने र दक्षिणी भेगका आधा दर्जन गाउँ डुबानमा पर्ने खतरा रहेकाले खोलामै नहर आकारमा पानीको बहाव बनाउने कार्य भइरहेको जनाए ।

कमला नदी अवैध उत्खनन विरुद्धका संघर्ष समितिका सचिव कपिल न्यौपानेले जिल्ला विपद् व्यवस्थापन समितिको पत्रअनुसार पुलको उत्तर र दक्षिण भागमा तीन-तीन सय मिटर मात्रै खन्न भनिएको छ । तर, यहाँ झण्डै दुई किलो मिटर परसम्म खनिएको छ त्यो पनि २०-२० फिट गहिरो । पानीको बहाव बनाउने हो भने यति गहिरो किन ? पानीको बहाव बनाउने नाउमा अवैध उत्खनन मौलाएको उनले बताए ।

# 'कार्य सञ्चालनमा कठिनाइ'



टुडे समाचारदाता

जनकपुरधाम । स्वतन्त्र रूपमा काम गर्न नपाउँदा स्थानीय तहको कार्य सञ्चालनमा कठिनाइ भइरहेको प्रमुख प्रशासकीय अधिकृतहरूले गुनासो गरेका छन्।

धनौजी गाउँपालिकामा आयोजित स्थानीय तहमा कार्य सम्पादन तथा सेवा प्रवाहमा आउने व्यवहारिक तथा प्राविधिक समस्यालाई चुस्तदुरुस्त बनाउन सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव कृष्णहरि पुष्करबीच भएको छलफल कार्यक्रममा धनुषाका प्रमुख प्रशासकीय अधिकृतहरूले यस्तो गुनासो गरेका छन्। उनीहरूले स्वतन्त्र भएर काम गर्न नपाउँदा विभिन्न खालका धाकधम्कीलगायतका समस्यासँग जुध्नु परेको गुनासो गरे ।

कार्यक्रममा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव पुष्करले तीन तहको सरकारबीचको अन्तर सम्बन्धलाई व्यवस्थित गर्ने जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृतकै काँधमा रहेको बताए।

उनले सङ्घ र प्रदेश सरकारसँग स्थानीय सरकारको सम्बन्ध व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतकै रहेको उल्लेख गरे।

भूगोल, धर्म संस्कृति अनुसार जनप्रतिनिधि र कर्मचारीको क्षमता फरक हुन सक्छ, यस्तो फरक क्षमता भएका स्थानमा समस्याहरू आउनु स्वभाविक नै हो, उनले भने। त्यसैले राजनीतिक प्रतिनिधिलाई नियम, कानुन, व्यवस्था, प्रविधि, प्रकृति र प्रक्रियाबारे परामर्श दिने काम प्रमुख प्रशासकीय अधिकृतकै रहेको बताउँदै उनले सर्वेसर्वा प्रमुख प्रशासकीय अधिकृत नै हुनुपर्छ भन्ने भ्रम नराख्न पनि आग्रह गरे ।

"आफ्नो क्षेत्राधिकारभित्रको विधि प्रक्रिया पुगेका कामहरू गर्नुस्, विधि प्रक्रिया नपुगेका काम स्थानीय तहका विधायकले गर्नुहुन्छ," सचिव पुष्करले भने। "सम्पूर्ण समस्याको समाधान तपाईंहरूसँग हुन्छ भन्ने जरुरी छैन, त्यसैले प्रमुख प्रशासकीय अधिकृतहरूले आफ्नो क्षेत्राधिकारभित्र रहेर काम गर्नुपर्छ।"

उक्त कार्यक्रममा जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रत्नेश शशिले आवश्यकताभन्दा बढी नगर तथा वडामा टुक्रे योजना ल्याउनु भनेको बजेटको दुरुपयोग भएको बताए ।

उनले अनुसन्धान बिना ल्याइएको योजनाले कुनै परिणाम नआएको र त्यसका लागि बजेट र समय मात्र खर्च भइरहेको उल्लेख गरे ।

हंशपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुबोध ठाकुरले नियमानुसार काम गर्दा सरुवा गर्नुपर्ने धम्की दिने गरेको गुनासो गरेका थिए।

यसैगरी, धनौजी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत रञ्जितकुमार यादवले कार्यादेश छ, काम पनि भएको छ तर, दर्ता चलानी छैन, प्रमुखको हस्ताक्षर छैन कसरी भुक्तानी दिने ? भन्दै प्रश्न गरे।

कार्यक्रममा धनुषाका सहायक प्रमुख जिल्ला अधिकारी मुकेशकुमार केशरीले जिप्रकाले स्थानीय तहमा भइरहेका समस्या समाधानका लागि सधैँ तत्पर रहँदै आएको छ र आगामी दिनमा पनि तत्पर रहने बताए ।

धनुषाका १८ वटै पालिकाका प्रमुख प्रशासकीय अधिकृतहरूको उपस्थिति रहेको उक्त कार्यक्रममा अधिकांश प्रमुख प्रशासकीय अधिकृतहरूले जनप्रतिनिधिहरूलाई स्थानीय ऐन सञ्चालनसम्बन्धी जानकारी नहुँदा काम गर्न कठिनाइ भइरहेको गुनासो गरेका थिए ।

# विद्यालयको बसमा आगलागी



टुडे समाचारदाता

जनकपुरधाम । पूर्व-पश्चिम राजमार्ग निर्माणमा गरिएको लापरबाहीका कारण सिरहाको लहान नगरपालिकास्थित एक निजी विद्यालयको बसमा आगो लागेको छ।

विद्यार्थी ल्याउन गइरहेको बेला बा १ क २४४९ नम्बरको स्कुल बसमा आगो लागेको छ ।

आगो लागेर बस क्षतिग्रस्त बनेको छ । आगो लागेका बेला बसमा विद्यार्थी थिएनन्, ड्राइभर कुदेर ज्यान जोगाए ।

आगोले ध्वस्त बनेको बस लहान नगरपालिकाका-३ स्थित पारागन बोर्डिंग स्कुलको थियो । स्कुल सञ्चालक उमेश चौधरीका अनुसार निर्माणाधीन राजमार्गको ठाउँ ठाउँमा डिभाइडर राखिएको छ । उक्त डिभाइडरमा बसले डिजलको ट्यांकर ठोक्किदा आगो लागेको छ ।

आगो लागेर बस पूर्णरुपमा क्षतिग्रस्त बनेको स्कुल सञ्चालक चौधरीले बताए ।

राजमार्ग निर्माणको ठेक्का लिएको चाइनिज कम्पनीको लापरबाहीले बसमा आगो लागेको उनको कथन छ ।

बसमा एकैछिनमा आगो चारैतिर फैलिएको थियो । आगो दनदनी बलिरहेको बेला प्रहरी र स्थानीयको भीड लागेको थियो ।

# तस्करीको काठ बरामद

टुडे समाचारदाता

बर्दिबास । गौशाला नगरपालिका -१० स्थित आँप बगैंचा भित्र लुकाइ छिपाइ राखेको अवस्थामा वन कर्मचारीले चोरी तस्करीका काठ नियन्त्रणमा लिएको छ।



वन कर्मचारीको रात्रिकालीन गस्तीले स्थानीय तिलक पासवानको आँप बगैंचाबाट सात थान साखु जातको गोलिया बरामद गरेको छ।

स्थानीयले दिएको सूचनाको आधारमा सब डिभिजन वन कार्यालय लक्ष्मिनीयाका प्रमुख रामअशिष यादव, सशस्त्र वन रक्षक, सागरनाथ वन विकाश परियोजनाका चौकीदार तथा नेपाल प्रहरीसहितको संयुक्त गस्तीले राति करीब १० बजेतिर उक्त काठ बरामद गरेको कार्यालयले जनाएको छ।

ती काठ कहाँको वनबाट चोरी गरी उक्त आँप बगैंचामा कहिले लुकाइएको हो स्पष्ट हुन सकेको छैन । तर घटनास्थलको प्राकृतिक अवस्था हेर्दा काठ एक डेढ महिना अघि नै उक्त बगैंचामा लुकाइएको सब डिभिजन वन प्रमुख यादवको अनुमान छ ।

उनका अनुसार काठ राखिएको ठाउँसम्म ट्याक्टरको चक्काको डोब देखिन्छ । 'तर ती डोब मेटिन लागेका र घाँस उम्रँदै गरेको आधारमा काठ महिना दिनअघि नै बगैंचामा लुकाइएको अनुमान गरिएको छ' उनले बताए।

उक्त काठ तस्करीबारे थप प्रमाण जुटाउने काम भइरहेको छ भने बगैंचाधनी तिलक पासवानसँग पनि सोधपुछको तयारी भइरहेको सब डिभिजन वन कार्यालय लक्ष्मीनियाले जनाएको छ ।

बरामद काठ राति नै सब डिभिजन वन कार्यालय लक्ष्मीनियामा ल्याइ घाट गद्दी गरी सघन अनुसन्धान भइरहेको यादवले बताए ।

# राष्ट्रिय खेलकुदका लागि बजेट विनियोजन

टुडे समाचारदाता

जनकपुरधाम । आगामी ११ औं राष्ट्रिय खेलकुदको आयोजना मधेश प्रदेशमा गर्नका लागि मधेश प्रदेश सरकारले आर्थिक वर्ष ०८०/८१ बजेटमा २५ करोड रकम विनियोजन गरेको छ ।



यस बजेटबाट मधेश प्रदेशका जिल्लाहरूमा खेलकुदको पूर्वाधारको निर्माण तथा मरम्मतको काम गर्ने कार्यक्रम रहेको मधेश प्रदेशका अर्थमन्त्री संजय कुमार यादवले जानकारी दिए ।

मधेश प्रदेशका राजधानीसहितका विभिन्न जिल्लाहरूमा त्यस बजेटबाट भएको भौतिक पूर्वाधारको मरम्मत तथा नयाँ पूर्वाधारहरूको निर्माण गर्ने अर्थ मन्त्रालयले जानकारी दिएको छ ।

मधेश प्रदेशका जिल्लाहरूमा पञ्चायतकालमा निर्माण भएको खेलकुदका पुराना संरचनाहरू भए पनि मुलुकमा लोकतान्त्रिक व्यवस्था स्थापना भएपछि खेलकुदको क्षेत्रमा कुनै नयाँ संरचनाको निर्माण हुन सकेको छैन ।

जनकपुरधाममा रामजानकी अन्तर्राष्ट्रिय रंगशालाको लागि राष्ट्रिय खेलकुद परिषद्ले गुठी संस्थानबाट साढे १७ विघा जग्गा लिजमा प्राप्त गरेर केही पूर्वाधारको निर्माणको थालनी गरे पनि यसको सम्पूर्ण संरचनाको निर्माण गर्नका लागि पाँच अर्ब बजेट लाग्ने अवस्था रहेको छ ।

रामजानकी अन्तर्राष्ट्रिय रङ्गशालामा क्रिकेट, फुटबल, भलिबल तथा हक्की खेलको पूर्वाधारहरू एक साथ निर्माण गर्ने कार्यक्रम रहेको र यो रंगशाला निर्माण भएको खण्डमा मुलुककै नमुना रंगशाला बन्ने यसका अभियन्ता दिनेश पूर्वेले जानकारी दिए । यसका साथै यस क्षेत्रको खेलकुद पर्यटनमा पनि ठूलो टेवा पुग्ने भएको छ ।

रंगशालाको शुरुवाती निर्माणमा जनकपुरधाम उपमहानगरपालिकाले केही बजेटको व्यवस्थापन गरेको भए पनि त्यसले माटो सम्याउने, क्रिकेटको खेलमैदान बनाउने तथा विद्युतको पोल हटाउने काम भएको छ ।

राष्ट्रिय खेलकुद परिषद्ले प्रदान गरेको बजेटबाट कम्पाउन्ड वालसहितको तारवार गर्ने काम थोरै मात्रामा भएको छ ।

मधेश प्रदेशमा खेलकुदको व्यापक सम्भावना भए पनि पूर्वाधारको अभाव रहेको छ । जनकपुरधाम कुनै वेला हरेक खेलकुदमा अगाडि भए पनि अहिले पछाडि परेको छ ।

**बालविवाह अन्त्य गरौं**

नेपालको कानुन अनुसार २० वर्ष नपुगी गरिने विवाह दण्डनीय हो । २० वर्ष नपुगी कसैले विवाह गरे वा गराएमा विवाह स्वत: बदर हुने छ । साथै कसुर गर्ने जो कोही व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजारसम्म जरिवाना हुने कानूनी व्यवस्था छ । बालविवाह सामाजिक तथा कानूनी अपराध हो । यसलाई अन्त्य गर्न हामी सबै आ-आफ्नो तवरबाट भूमिका निर्वाह गरौं ।

मधेश प्रदेश सरकार
आमसञ्चार प्राधिकरण

**आवश्यकता**

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित राष्ट्रिय क वर्गको जनकपुर टुडे दैनिक पत्रिकाका लागि तपसिल बमोजिम जिल्ला/स्थानमा नयाँ युवा पत्रकारहरुको आवश्यकता रहेकाले इच्छुक नेपाली नागरिक रहेका युवा, युवती पत्रकारहरुले तलको मोबाइल नम्बरमा सम्पर्क गर्नु हुन अनुरोध छ ।

तपसिल

| जिल्ला | स्थान |
|---|---|
| पर्सा | बीरगञ्ज |
| बारा | बारा जिल्लाको लागि |
| रौतहट | चन्द्रपुर |
| सर्लाही | राजमार्ग क्षेत्र (लालबन्दी, नवलपुर, हरिऔन) |
| महोत्तरी | बर्दिबास, जलेश्वर र औरही |
| सिरहा | लहान र सिरहा |
| सप्तरी | सप्तरी जिल्लाको लागि |

सम्पर्क फोन नं.
९८०१६२६०२१, ९८५५०२१०२२
email :jtodayad@gmail.com

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८